# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ७९ | काठमाडौं | बुधबार, २६ असार २०८१ | Prabhab National Daily | Wednesday, July 10, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/ ९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


झलनाथ खनाल प्रतिष्ठानमा भ्रष्टाचार

## पूर्वमन्त्रीसहित पाँच जनालाई कैद र जरिवाना




- मधेसका पूर्वआर्थिक मामिलामन्त्री विजयकुमारलाई सबैभन्दा बढी नौ वर्ष एक महिना कैदको फैसला
- प्रतिष्ठानका अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायलाई जनही आठ वर्ष कैद तोकियो
- जनही दुई करोड ३५ लाख २९ हजार रूपैयाँ असुल गर्नुपर्ने ठहर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पूर्वप्रधानमन्त्री तथा नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालको नाममा सर्लाहीको लालबन्दीमा स्थापित झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको भ्रष्टाचार प्रकरणमा पाँच जनालाई कैद तथा जरिवाना तोकिएको छ ।

विशेष अदालतले मधेस प्रदेश सरकारका तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमारलाई सबैभन्दा बढी नौ वर्ष एक महिना कैद तोकेको छ । उनलाई आठ वर्ष र उनको पदीय जिम्मेवारीका हिसाबले थप एक वर्ष एक महिना कैद हुने फैसला अदालतको छ । यसबाहेक दुई करोड ३५ लाख २९ हजार रूपैयाँ असुल गर्नुपर्ने ठहरसमेत अदालतले गरेको छ ।

प्रतिष्ठानका अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायलाई जनही आठ वर्ष कैद हुने फैसला भएको छ । यस्तै, उनीहरू उपर जनही दुई करोड ३५ लाख २९ हजार रूपैयाँ असुल हुने ठहर भएको छ ।

यो मुद्दामा सर्लाहीको लालबन्दी नगरपालिकाका पूर्वप्रमुख मानबहादुर खड्का र मधेस प्रदेशका तत्कालीन आर्थिक मामिला सचिव प्रेमकुमार श्रेष्ठले भने सफाइ पाएका छन् । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले पाँच जनालाई यही ११ असारमा दोषी ठहर गरेको थियो । सजाय निर्धारण भने मंगलबार भएको हो ।

अख्तियारले प्रतिष्ठानको नाममा सरकारबाट १७ करोड ९८ लाख ३३ हजार रूपैयाँ खर्च भइसक्दासमेत कामको प्रगति शून्य देखिएपछि सात जनाविरुद्ध २०८० असोज २१ गते मुद्दा दायर गरेको थियो ।

प्रतिष्ठानले विषालु सर्पको टोकाइमा प्रयोग हुने 'एन्टि स्नेक भेनम' उत्पादन गर्ने उद्देश्यले लालबन्दी नगरपालिकासँगको सहकार्यमा एन्टि स्नेक भेनम उत्पादन तथा अनुसन्धान केन्द्र सञ्चालन गर्ने भनेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

नयाँ सरकार गठनबारे बहस

# संविधानको उपधारालाई लिएर विवाद

■ **जेबी योञ्जन**

**काठमाडौं–** कांग्रेस-एमालेले गठन गर्ने भावी सरकारको संवैधानिक आधारबारेको बहस निकै पेचिलो बनेको छ । हाल सरकारमा रहेको नेकपा माओवादी केन्द्रका नेताहरू र कांग्रेस-एमालेका नेताहरूले सरकार गठनको संवैधानिक आधारबारे भिन्नभिन्न मत प्रकट गरिरहेका छन् । जसले नयाँ सरकार गठन प्रक्रियामा अन्योलता सिर्जना गरेको छ ।

माओवादी नेताहरूले यदि पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले यही शुक्रबार (२८ गते) विश्वासको मत नपाए संविधानको धारा ७५ को उपधारा (३) अनुसार नयाँ सरकार गठन हुने तर्क गरिरहेका छन् । यस प्रावधानअनुसार संसद्मा सबैभन्दा बढी प्रतिनिधिसभा सदस्य भएको पार्टीका संसदीय दलका नेता प्रधानमन्त्री हुन्छन् । अर्थात् संसद्को ठूलो दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुने छन् ।

माओवादी सचिव देवेन्द्र पौडेलका अनुसार देउवा प्रधानमन्त्री नियुक्त हुनसक्ने बताउँदै ओली नसक्ने बताउँछन् । उनले प्रभावसँग भने, 'प्रचण्ड कमरेड प्रधानमन्त्री भएकै उपधारा २ अनुसार हो । उक्त धारामा टेकेर प्रधानमन्त्री भएको पदाधिकारीले विश्वासको मत नपाए त स्वतः ३ अनुसार सरकार गठन हुने हो त्यो भनेको देउवा हो, ओली होइन ।'

कतिपय माओवादी नेताहरू भने भावी सरकारको गठन प्रक्रिया 'राष्ट्रपतिको स्वविवेक'मा भर पर्ने पनि बताउँछन् । कांग्रेस र एमालेका नेताहरूले चाहिँ स्पष्टरूपमा उपधारा २ अनुसार सरकार गठन हुने बताउँदै आएका छन् ।

मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रममा कांग्रेसका नेता डा. शेखर कोइरालाले अब बन्ने सरकार संविधानको धारा ७६ (२) अनुसार नै हुने दाबी गरे । 'म तपाईंहरूलाई विश्वास दिलाउन चाहन्छु । अब बन्ने सरकार ७६ (२) कै हुन्छ,' कोइरालाले भने । उनको तर्कका आधारमा भने एमाले अध्यक्ष केपी शर्मा ओली अब प्रधानमन्त्री हुने छन् । जुन कांग्रेस-एमालेबीच १७ असारमा भएको समझदारीअनुसार हो ।

उसो त पछिल्लोपटक संविधानको धारा ७६ (२) अनुसार विभिन्न दलहरूको समर्थनमा दाहाल प्रधानमन्त्री चुनिएका थिए । सुरुमा एमाले, त्यसपछि कांग्रेस हुँदै फेरि एमालेसँग गरेर तीनवटा सत्ता गठबन्धन तय गर्दै उनले झन्डै साढे १७ महिना सरकारको नेतृत्व गरिसकेका छन् ।

गत साता प्रतिनिधिसभाको पहिलो दल कांग्रेस र दोस्रो ठूलो दल एमालेले सत्ता साझेदारीबारे सहमति गरेसँगै उनको सरकार अल्पमतमा परेको छ । एमालेले यही १९ असारमा समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री दाहालले प्रतिनिधिसभाबाट आगामी शुक्रबार विश्वासको मत लिन लागेका हुन् ।

प्रधानमन्त्री दाहालसहित माओवादीका कतिपय शीर्ष नेताहरूले कांग्रेसका केही नेताहरूसँग दुई दलबीच बहुमत जुट्नसक्ने परिस्थितिमा

(क्रमशः पृष्ठ २ मा)

- धारा ७६ को उपधारा २ कि ३ अनुसार सरकार गठन हुन्छ भन्नेमा मत भिन्नता
- उपधारा २ अनुसार सरकार गठन हुने कांग्रेस-एमालेको तर्क
- उपधारा ३ अनुसार नयाँ सरकार गठन हुने माओवादीको भनाइ

७६. <u>मन्त्रिपरिषद्को गठन</u> : (१) राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ ।

(२) उपधारा (१) बमोजिम प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ ।

(३) प्रतिनिधि सभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ ।



प्रचण्ड कमरेड उपधारा (२) अनुसार प्रधानमन्त्री बन्नुभएको हो । उक्त धारामा टेकेर प्रधानमन्त्री भएको पदाधिकारीले विश्वासको मत नपाए स्वतः ३ अनुसार सरकार गठन हुने हो, त्यो भनेको देउवा हो, ओली होइन ।

■ **देवेन्द्र पौडेल**
**सचिव, माओवादी केन्द्र**



म तपाईंहरूलाई विश्वास दिलाउन चाहन्छु । अब बन्ने सरकार ७६ (२) कै हुन्छ ।

■ **डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**



तथ्यलाई बंग्याउने प्रयत्न गरिएको छ, यहाँ संसद् र बालुवाटारबाट पनि भ्रम छर्ने प्रयास भइरहेको छ । उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दलहरूले सरकार बनाउने प्रावधान छ । उक्त प्रावधानअनुसार सामान्य प्रक्रियाबाटै सरकार बन्छ ।

■ **महेश बर्तौला**
**प्रमुख सचेतक, एमाले**

**सन्दर्भः वैदेशिक रोजगार**


# खारेजी र निलम्बनमा परे ५८४ म्यानपावर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले खारेजी तथा निलम्बनमा परेका झन्डै ६०० म्यानपावर कम्पनीको सूची सार्वजनिक गरेको छ । विभागले इजाजतपत्र प्राप्त गरी प्रचलित कानुनविपरीत काम गरेका विगतदेखि अहिलेसम्म खारेजीमा परेका र चालु आर्थिक वर्ष २०८०/८१ निलम्बन तथा कारोबार रोक्का गरिएका ५८४ वटा म्यानपावर कम्पनीको सूची सार्वजनिक गरेको हो ।

वैदेशिक रोजगार ऐनविपरीत काम गर्ने म्यानपावर कम्पनीहरूलाई खारेज गर्नुका साथै निलम्बनमा परेकाहरूको कारोबारसमेत रोक्का गरिएको विभागले जनाएको छ । वैदेशिक रोजगार ऐनमा व्यवस्था भएबमोजिम सरकारसँग स्वीकृति नलिई श्रमिक पठाएका, नाबालिगलाई वैदेशिक रोजगारमा पठाएका, सरकारले अनुमति नदिएका मुलुकमा श्रमिक पठाएका, लिखत वा प्रतिवेदन लुकाएका वा हेरफेर गरेका, श्रमिकलाई बिचल्लीमा परी आर्थिक क्षतिपूर्ति दिन नमानेका म्यानपावर कम्पनीहरू खारेज तथा निलम्बनमा परेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले जानकारी दिए ।

'अनुमतिविना शाखा कार्यालय खोलेका, नियमअनुसार विज्ञापन प्रकाशन नगरेका,



छनोट सूची प्रकाशन नगरेका, रकम फिर्ता गर्न वा क्षतिपूर्ति दिन इन्कार गरेका अधिकांश म्यानपावरहरू खारेजीमा परेका छन्,' उनले भने । विभागले सार्वजनिक गरेको म्यानपावरहरूमध्ये करिब ५३५ वटा म्यानपावर चालु आवको मात्र नभई विगतदेखिकै खारेजीको सूचीमा रहेका तथ्यांक भएको महानिर्देशक घिमिरेको भनाइ छ । त्यस्तै यसै चालु आवमा निलम्बन तथा कारोबार रोक्का गरिएका म्यानपावरको संख्या ५० हाराहारीमा रहेको उनले जानकारी दिए ।

व्यक्तिगतरूपमा श्रमिक विदेश पठाउने कार्यमा संलग्न, तोकिएभन्दा बढी प्रवेशाज्ञा शुल्क लिने, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी असुल्ने, सरकारी (विभागको) आदेश वा निर्देशन पालना नगर्ने, रोजगारदातासँग भएको करारविपरीत कार्य गर्ने, असुरक्षित तवरले श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउने, श्रमिकलाई दिनुपर्ने क्षतिपूर्ति नदिने म्यानपावर कम्पनीको अवस्था हेरेर इजाजतपत्र खारेज गर्नेदेखि निलम्बन तथा कारोबार रोक्का गर्नेसम्मको अधिकार विभागलाई रहेको महानिर्देशक घिमिरेले बताए ।

यसरी खारेजीमा परेका म्यानपावर कम्पनीले वैदेशिक रोजगारसम्बन्धी कुनै पनि गतिविधि गर्न पाउने छैनन् भने निलम्बन तथा करोबार रोक्का भएका म्यानपावर कम्पनीले कारबाही फुकुवा नभएसम्म वैदेशिक रोजगारीका लागि श्रमिक पठाउन अनुमति नपाउने विभागले जनाएको छ । वैदेशिक रोजगारीमा नेपाली श्रमिकलाई पठाउने भन्दै इजाजतपत्र प्राप्त एक हजार ६०४ वटा म्यानपावर कम्पनी रहेको विभागले उल्लेख गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

## इजरायल पठाइदिने भन्दै ठगी गर्ने गिरोह सक्रिय

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले जिटुजी सम्झौताअनुसार विगतमा जस्तै इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार पठाउने प्रक्रिया अगाडि बढाएसँगै ठगी गर्ने गिरोह सक्रिय भएको उल्लेख गरेको छ । विभागले जर्मनी र इजरायलमा कामदार पठाउने भनी कन्सल्टेन्सी, म्यानपावर तथा विभिन्न व्यक्तिहरूले अनधिकृतरूपमा पैसा असुली गरेको भन्ने सूचना प्राप्त भएको जनाउँदै यसप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

इजरायलका विभिन्न क्षेत्रमा रोजगारीको प्रलोभन देखाई विभिन्न व्यक्ति तथा समूहहरूले गैरकानुनीरूपमा प्रलोभनमा पारी केयर गिभर या अन्य क्षेत्रमा रोजगारी लगाइदिने नाममा हुनसक्ने ठगीबाट सचेत रहन पनि विभागले आग्रह गरेको छ । विभागले प्राप्त सूचनाको आधारमा सूक्ष्म अनुसन्धान कार्य अगाडि बढाएको भन्दै भ्रमपूर्ण कार्यमा संलग्न नहुन सम्बन्धित सबैमा अनुरोध गरेको छ । ठगी कार्यमा संलग्नलाई प्रचलित कानुनबमोजिम कारबाही हुने चेतावनीसमेत विभागले दिएको छ ।




पृष्ठ १ बाट क्रमशः

## संविधानको उपधारालाई...

प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको संसदीय दलको नेताले सरकारको नेतृत्व गर्ने विषयमा छलफल गरेको विवरण पनि आएका छन् । प्रधानमन्त्री दाहालले कांग्रेसको संस्थापनइतर नेता डा. कोइरालासँग संवाद गरेको भन्ने छ । तर, यहीबीचमा संविधानको धारा ७६ (३) अनुसारको प्रक्रियामा गए सोझै कांग्रेस सभापति देउवाले सरकारको नेतृत्व गर्न पाउने कतिपय माओवादी नेताहरूले औंल्याइरहेका छन् । यति हुँदाहुँदै पनि सरकारबाट सजिलै नहट्ने पक्षमा माओवादी देखिएको छ ।

शनिबार बसेको कांग्रेस संसदीय दलको बैठकले प्रधानमन्त्री दहालको विपक्षमा विश्वासको मत दिने निर्णय गर्दै आलोपालो प्रणालीअन्तर्गत राष्ट्रिय सहमतिको सरकार पहिले एमाले अध्यक्ष ओलीले र दोस्रोपटक कांग्रेस सभापति देउवाले नेतृत्व गर्ने गरी भएको सहमति अनुमोदन गरिएको जनाएको थियो ।

कांग्रेस र एमाले मिल्दा प्रतिनिधिसभामा १६६ सिट पुग्छ । त्यस्तो पत्र सदनमा पुगेलगत्तै एमाले अध्यक्ष ओली आफूलाई कम्तीमा १६६ सांसदको समर्थन रहेको जिकिर गर्दै सरकारको नेतृत्व दाबी गर्न शीतल निवास पुग्ने नेताहरू बताउँछन् । सोमबार प्रतिनिधिसभाको बैठकमा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले सरकारले विश्वासको मत प्राप्त नगरेको खण्डमा संविधानको स्वाभाविक प्रक्रियाअन्तर्गत नै नयाँ सरकार बन्ने बताएका थिए ।

उनको भनाइ छ, 'तथ्यलाई बंग्याउने प्रयत्न पनि गरिएको छ, यहाँ संसद् र बालुवाटारबाट पनि भ्रम छर्ने प्रयास भइरहेको छ । उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दलहरूले सरकार बनाउने प्रावधान छ। प्रधानमन्त्रीले ७६ (२) बमोजिम विश्वासको मत प्राप्त नगरेको खण्डमा उक्त प्रावधानअनुसार सामान्य प्रक्रियाबाटै सरकार बन्छ ।' प्रतिनिधिसभालाई पठाएको पत्रमा प्रधानमन्त्री दाहालले संविधानको धारा १०० को उपधारा २ अनुसार विश्वासको मत लिनुपर्ने व्यवस्थालाई उद्धृत गरेका छन् । सो उपधारामा प्रधानमन्त्रीलाई समर्थन दिने कुनै एक दलले समर्थन फिर्ता लिएको खण्डमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधान छ ।

नेपालको संविधानले कार्यकारिणी अधिकार संविधान र कानुनबमोजिम मन्त्रिपरिषद्मा रहने व्यवस्था गरेको छ । उनले प्रधानमन्त्री र मन्त्रीहरूलाई शपथग्रहण गराउने छन् ।

राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद् गठन गर्ने संविधानमा उल्लेख छ। तर राष्ट्रिय एकताको प्रवर्द्धन, संविधानको पालन र संरक्षण गर्नु पर्ने कर्तव्य भएका राष्ट्रपतिले संविधान र कानुनमा किटान भएका बाहेक जुनसुकै काम मन्त्रिपरिषद्को सिफारिसमा गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

अर्कोतिर, हालसम्म एमाले र कांग्रेसबीच भएको सहमति सार्वजनिक गरिएको छैन तर दुवै दलले त्यसलाई अनुमोदन गरिसकेका छन् । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले माओवादीले जुनसुकै प्रस्ताव राखे पनि अब दुई दल आफूहरूबीच भएको सहमतिबाट पछि नहट्ने बताए ।

'धेरै चुलबुल गरेर उहाँ (दाहाल) डुब्नुभयो । उहाँले नदीसँग खेल्नुभयो, आगोसँग खेल्नुभयो । ज्यादै खेलिसकेपछि दुईटा दल आजित भएर एक ठाउँमा बसे। त्यही भएर अहिलेको एकता मजबुत अवस्थामा छ,' विश्वकर्माले भने ।

संवैधानिक कानुनका जानकार डा. टीकाराम भट्टराईका अनुसार ओली नेतृत्वमा सरकार उपधारा (२) अनुसार नै गठन हुन्छ। उनले भने, 'ओलीको सरकार गठन उपधारा २ अनुसारमात्रै गरौं । त्यसभन्दा अगाडि जानु हुँदैन ।' संवैधानिक कानुनका अर्का जानकार रमण श्रेष्ठको भने अब बन्ने सरकार उपधारा ३ अनुसार हुने बताउँछन् । उपधारा २ को अभ्यास भइसकेकाले फेरि सोही धारा बारम्बार प्रयोग नहुने उनको दाबी छ ।

## पूर्वमन्त्रीसहित पाँच...

सोहीअनुसार विषालु सर्पको विष संकलन, प्रशोधन र उत्पादन केन्द्र स्थापनाका निमित्त भौतिक संरचना निर्माणका लागि भनेर स्थापना भएको केन्द्रमा मिलेमतोमा भ्रष्टाचार भएको अख्तियारको दाबी थियो । जुन विशेष अदालतबाट ठहर भयो ।

पूर्वप्रधानमन्त्री खनालले भने बारम्बार आफ्नो नाममा स्थापित संस्थामा भ्रष्टाचार नभएको दाबी गर्दै आएका थिए । उनले अख्तियारले विशेष अदालतमा मुद्दा दायर गर्दासम्म त्यसै भनेका थिए । तर, गत ११ असारमै अदालतले भ्रष्टाचारको भएको ठहर गर्‍यो । मिलेमतोमा करोडौं भ्रष्टाचार भएको विवरण सार्वजनिक भयो । यसपछि भने खनाल मौन छन् ।

## खारेजी र निलम्बनमा...

जसमा खारेजी भएकाबाहेक झण्डै एक हजार म्यानपावर कम्पनीले सक्रिय रूपमा नेपाली श्रमिकलाई सरकारले खुला गरेका १११ मुलुकमा रोजगारीका लागि पठाउने गरेको विभागले जनाएको छ ।

चालु आर्थिक वर्षको अन्त्यतिर विगतमा नै खारेजी भइसकेका म्यानपावर कम्पनीहरू भर्खरै खारेज गरिएजसरी सार्वजनिक गरिनु व्यवसायीको मनोबल गिराउने प्रोपोगाण्डा भएको वैदेशिक रोजगार व्यवसायीको भनाइ छ । 'केही दिनअघि म्यानपावरसँग फ्रि भिसा, फ्रि टिकटको विवरण माग गरियो, अहिले विगतमा खारेज भइसकेका म्यानपावरहरूको सूची सार्वजनिक गर्‍यो,' एक व्यवसायीले भने, 'यो सबै व्यवसायीलाई तर्साउने खेल हो, तर यसबाट अत्तिहाल्नुपर्ने अवस्था छैन ।' विगतमा पनि विभागबाट अनावश्यक निर्देशन दिने गरेको भन्दै नमानेमा व्यवसायीलाई विभिन्न बहानामा आतंकित पार्ने गरिएको उनले बताए ।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०३/२६ख

यस कम्पनीको मिति २०८०/११/२४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **मालिका बाल विद्यालय कंचनपुर प्रा.लि. (प्रा.लि. नं. ३८५५८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०३/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मालिका पब्लिक एकेडेमी कंचनपुर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## काठमाडौं महानगरको बजेट पारित



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट पारित भएको छ ।

राष्ट्रिय सभागृहमा मंगलबार बसेको १५औं नगरसभाको पाँचौं बैठकबाट महानगरको नीति तथा कार्यक्रम र बजेट पारित गरिएको हो । बैठकमा नगरप्रमुख बालेन्द्र साहले पेस गरेको संशोधित नीति तथा कार्यक्रम र बजेटलाई नगरसभा सदस्यले सर्वसम्मत पारित गरेका हुन् । बैठकमा नगरसदस्यले बजेटमाथि आ-आफ्नो धारणा राखेका थिए । नगरप्रमुख साहले नगरसदस्यको उठाएको विषय र सुझावलाई यथासम्भव समावेश हुनेगरी बजेट र नीति तथा कार्यक्रम कार्यान्वयन गरिने विश्वास व्यक्त गरेका छन् ।

महानगरपालिकाले यही असार १० गते आर्थिक वर्ष २०८१/८२ का लागि २५ अर्ब ७० करोड ६३ लाख २५ हजार रूपैयाँबराबरको बजेट सार्वजनिक गरेको थियो । महानगरले पूर्वाधार विकास क्षेत्रका लागि सबैभन्दा धेरै १४ अर्ब ८१ करोड ५१ लाख ५१ हजार रूपैयाँ बजेट विनियोजन गरेको छ । जुन कूल बजेटको ६१.२० प्रतिशत हो ।

कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रका लागि तीन अर्ब ४९ करोड ४५ लाख २ ९ हजार रूपैयाँ र सामाजिक विकास क्षेत्रका लागि तीन अर्ब ८१ करोड ३६ लाख १५ हजार रूपैयाँ बजेट प्रस्ताव गरिएको छ । सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि एक अर्ब ८९ करोड २१ लाख रूपैयाँ र स्थानीय सञ्चित कोषबाट खर्च हुने रकममध्ये आर्थिक विकास क्षेत्रअन्तर्गतका कार्यक्रमका लागि १९ करोड नौ लाख रूपैयाँ प्रस्ताव गरिएको छ ।

## केशर पुस्तकालय छिटो सञ्चालन गर्न संसदीय समितिको निर्देशन



**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाअन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले केशर पुस्तकालय छिटो सञ्चालन गर्न निर्देशन दिएको छ । समितिले मंगलबार निर्माणाधीन पुस्तकालय भवनको निरीक्षण गरी यथासक्दो छिट्टो निर्माण कार्य पूरा गरी पुस्तकालय सञ्चालनका लागि पहल गर्न निर्देशन दिएको हो ।

समितिका सभापति मायाप्रसाद शर्मासहितको टोलीले पुस्तकालयलाई सुरक्षित र व्यवस्थित गर्न पुस्तकालय प्रमुख सुरेशकुमार यादवलाई निर्देशन दिए । समितिले दोस्रोपटक पुस्तकालय भवनको निरीक्षण गरेको हो ।

त्यस अवसरमा समितिलाई हालसम्म ८० प्रतिशत प्रगति भएको जानकारी गराइएको थियो । वि.सं. २०७२ को गोरखा भूकम्पमा क्षतिग्रस्त केशर पुस्तकालयको भवन वि.सं. २०७६ बाट प्रवलीकरण (रेट्रोफिटिङ) सुरू गरिएको थियो। दुई वर्षभित्र कार्य सम्पन्न गर्ने भनिए पनि छ वर्षसम्म पनि पूरा नभएकामा सांसदहरूले आपत्ति जनाएका थिए ।

समितिका सभापति शर्माले निर्माणमा भएको ढिलाइ र बाँकी काम कहिले सकिन्छ भनेर प्रश्न गरेकामा पुस्तकालय प्रमुख यादवले भवनको सेलिङ राख्न केही ढिलाइ भएको जवाफ दिए। त्यसका लागि बोलपत्रको समय नौ महिना थप गरिएको उनले जानकारी दिए । 'चैतसम्ममा पुस्तकालय पूरै तयार हुन्छ भन्नेमा आशावादी छौं,' उनले भने, 'लगभग ८० प्रतिशत कार्यसम्पन्न भएको छ ।'

यादवका अनुसार पुस्तकालयमा पुरातात्त्विक र नयाँ गरी ६५ हजार पुस्तक संरक्षित छन् । यहाँ एक हजार १५० वर्ष पुरानो हस्तलिखित ग्रन्थहरू छन् । यिनको 'डिजिटलाइज' गर्ने कार्य भइरहेको उनले जानकारी दिए ।

पुस्तकालयका विषयमा सभापति शर्मा, सांसदहरू गोपाल भट्टराई, गोमादेवी तिमिल्सिना, गोपालकुमार बस्नेत, पदमबहादुर परियार, मदनकुमारी साह (गरिमा), युवराज शर्मा, रुक्मिणी कोइराला, रेणु चन्द, श्रीकृष्णप्रसाद अधिकारी र सुमित्रा विसी गरी १२ जनाले विभिन्न जिज्ञासा राखेका थिए ।


### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Nouri Fareej Muhammad Al baqmi Transport Corporation

पुर्व स्वीकृति मिति: २०८१/०३/२५ LT. No. 307329 चलानी नं. ६०२२२०५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 4 | 0 | 1800 | ६४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ram Al Arabia General Contracting Company, One Person Company

पुर्व स्वीकृति मिति: २०८१/०३/२५ LT. No. 307330 चलानी नं. ६०२२२०५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | construction agent | 3 | 0 | 1000 | ३५,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MANPOWER Service Pvt. Ltd. श्रम ईजाजत नं. ८६१/०६६/०६७

**G.R. Manpower Service Pvt. Ltd.**

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com



### कम्पनीको नाम परिवर्तनको सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०१/२९ को निर्णयानुसार र बिशेष साधारण सभाको मिति २०७९/१२/२५ को निर्णयबाट साविकको नाम समाज स्कीन एण्ड लेजर प्रा.लि. (प्रा.लि. नं. २१७०७२/०७५/०७६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **नभडर्मा स्किन एण्ड लेजर एस्थेटिक्स प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



दावी विरोध सम्बन्धी

### वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

**प्रथमपटक प्रकाशित मिति: २०८१/०३/२६**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री दिस सेन्टर ओभरसिज प्रा.लि (ई.प.नं.८५/०५३/०५४) को** साविकको नाम परिवर्तन गरी **श्री इन्टरनेशनल ट्रेड लिङ्कस् रिक्रुटमेन्ट प्रा.लि.** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार २६ गते २०८१, बुधबार

| | |
|---|---|
| **मेष** | आफ्नो कामकुराका निमित्त समय दिन खोजिनेछ । |
| **वृष** | समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ । |
| **मिथुन** | नयाँ रोजगारीको सम्भावना छ । |
| **कर्कट** | दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ । |
| **सिंह** | सहजता विचार्दै आफूलाई अघि सारिनेछ । |
| **कन्या** | कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ । |
| **तुला** | काम कसरी सहज हुन्छ आफैंले विचार गर्नुपर्नेविभिन्न |
| **वृश्चिक** | व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ । |
| **धनु** | विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ । |
| **मकर** | परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ । |
| **कुम्भ** | सुझबुझले काम सल्टाउनु उचित हुनेछ । |
| **मीन** | कमजोरी र थकानले काममा मन नलाग्न सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २६ गते, २०८१, १० जुलाई, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२४ | १३३.८४ |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७१ | १६९.४७ |
| स्विस फ्रैन्क | १ को | १४९.१७ | १४९.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५४ | ८८.९४ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिँगापुर डलर | १ को | ९८.४७ | ९८.९१ |
| जापानी येन | १० को | ८.३५ | ८.३९ |
| चिनियाँ युआन | १ को | १८.३५ | १८.४४ |
| साउदी अरब रियाल | १ को | ३५.५२ | ३५.६८ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६३ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२८ | ३६.४४ |
| मलेसियन रिङेट | १ को | २८.२८ | २८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३४.४२ | ४३६.३७ |
| बहराइन दिनार | १ को | ३५३.४५ | ३५५.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# कञ्चनपुरमा ७८ वर्षयताकै सर्वाधिक वर्षा



**काठमाडौं–** नेपालमा वर्षा मापन भएको ७८ वर्षको अवधिमा सुदूरपश्चिम प्रदेशको कञ्चनपुरमा सर्वाधिक पानी परेको छ । यही असार २३ र २४ गते कञ्चनपुरको दोधारामा वि.सं. २००३ सालयताकै सर्वाधिक वर्षा भएको पाइएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जल तथा मौसम विज्ञान विभागका अनुसार कञ्चनपुरको दोधारा, हनुमान नगर र सुन्दरपुरमा २००३ सालयताकै बढी वर्षा भएको छ । यही असार २४ गते बिहान ०८:४५ बजे मापन गरिएको प्रारम्भिक तथ्यांकअनुसार २४ घण्टाको अवधिमा दोधारामा ६२४.० मिलिमिटर, हनुमान नगरमा ५७३.६ मिलिमिटर तथा सुन्दरपुरमा ५५५.८ मिलिमिटर वर्षा भएको विभागले जनाएको छ । यस वर्ष गत जेठ २८ (जुन १०) देखि पूर्वी नेपालबाट सुरु भएको मनसुनको प्रभाव असार १४ गतदेखि असार २४ गतेसम्म सक्रिय भएको थियो । यसै क्रममा सुदूरपश्चिमको कञ्चनपुरमा असार २३ र २४ गते भारी वर्षा भएको थियो ।

वायुमण्डलीय तथ्यांक, भू-उपग्रहबाट लिइएको तस्बिर तथा मौसम मोडेलबाट प्राप्त मौसमको अवस्थाको विश्लेषणबाट उक्त दिन मनसुन न्यून चापीय रेखा सरदर स्थानमा रहेको भए पनि सुदूरपश्चिमको दक्षिण भाग आसपासको तल्लो वायुमण्डलमा न्यूनचापीय प्रणाली विकसित भएको थियो । साथै उपल्लो वायुमण्डल पश्चिमी वायुको न्यूनचापीय रेखा सक्रिय रही अरब सागर तथा बंगालको खाडी दुबैबाट जाउने जलवायुयुक्त हावा सो स्थानमा समीश्रण भई भारी वर्षा भएको विभागद्वारा मंगलबार जारी विज्ञप्तिमा उल्लेख छ ।

यसअघि २०७४ साउन २९ गते मकवानपुरको हेटौंडा केन्द्रमा सबभन्दा धेरै ५१६.२ मिलिमिटर वर्षा मापन गरिएको थियो भने भू-संरक्षण विभागको तथ्यांकअनुसार २०५० साउन ५ गते (सन् १९९३ जुलाई २०) मकवानपुरको टिस्टुङ वर्षा केन्द्रमा ५४०.० मिलिमिटर वर्षा मापन गरिएको थियो ।

महाशाखाकी वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरका अनुसार दुई दिनअघिसम्म सुदूरपश्चिम र कर्णाली प्रदेशमा सक्रिय मनसुन अहिले कोशी, मधेस, बागमती, लुम्बिनी र गण्डकी प्रदेशमा सक्रिय रहेकाले ती प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना छ । 'मंगलबार राति र बुधबार राति कोशी र मधेस प्रदेशमा भारी वर्षाको सम्भावना छ । गण्डकी र लुम्बिनी प्रदेशमा पनि भारी वर्षाको सम्भावना देखिन्छ,' उनले भनिन् ।

हाल देशभर मनसुनी वायुको प्रभाव रहेको तथा मनसुनको न्यून चापीय रेखा पूर्वमा सरदर स्थानको आसपासमा र पश्चिममा सरदर स्थानको दक्षिणतर्फ अवस्थित रहेको महाशाखाले जनाएको छ । काठमाडौं उपत्यकामा तुलनात्मकरूपमा कम वर्षा हुने पूर्वानुमान गरिएको छ । महाशाखाले हरेक तीन दिन विशेष मौसम बुलेटिन निकालेर मौसम पूर्वानुमानसम्बन्धी अध्यावधिक गरिरहेको छ । *रासस*

# बाढीपहिरोबाट ८० को मृत्यु, पाँच बेपत्ता

**काठमाडौं (प्रस)–** अविरल वर्षापछिको बाढी, पहिरोलगायत विपद्बाट मंगलबारसम्म ८० जनाको मृत्यु भएको छ । गत जेठ २८ देखि हालसम्म काठमाडौं उपत्यकामा एक, काशसीमा १९, मधेसमा तीन, बागमतीमा चार, गण्डकीमा २२, लुम्बिनीमा २०, कर्णालीमा चार र सुदूरपश्चिम प्रदेशमा सात जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

मौसमजन्य विपद्मा परी पाँच जना बेपत्ता तथा ९७ जना घाइते भएका छन् । बेपत्ताको खोजी भइरहेको प्रहरीले जनाएको छ । घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । विपद्मा फसेका ५३ जनाको उद्धार गरिएको छ ।

बाढीका कारण १६१ घर डुबानमा परेका छन् । १३८ घर, ५४ गोठ, ४१ पुल, एउटा विद्यालय र दुईवटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरी प्रवक्ता दानबहादुर कार्कीले जानकारी दिए । उक्त अवधिमा विपद्का घटनाबाट दुई हजार ७६४ घर परिवार विस्थापित भएका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD

पूर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 307394 | चलानी नं. ६०२२२०४९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | A Builder/Construction Worker/Building Worker | 50 | 0 | 1200 | ४२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 30 | 0 | 1200 | ४२,७५० | | | | | | | |

कम्पनी : SINOPEC ENGINEERING GROUP SAUDI CO LTD

पूर्व स्वीकृति मिति २०८१/०२/२९ | LT. No. 307395 | चलानी नं. ६०२२२०५०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | A Builder/Construction Worker/Building Worker | 20 | 0 | 1200 | ४२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LOADING AND UNLOADING WORKER | 20 | 0 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Pipe and Boiler Insulation Worker | 1 | 0 | 1500 | ५३,४३८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**

Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHAR HYPAR MARKET

पूर्व स्वीकृति मिति २०८१/०३/२५ | LT. No. 307315 | चलानी नं. ६०२२२०३५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Cashier | 0 | 4 | 1600 | ५८,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम ईजाजत नं. ८२०/०६६/०६७



## भावपुर्ण श्रद्धान्जली



जन्म १९९१/०३/१२

स्वर्गारहण २०८१/०३/१८

### स्व.जेदुलालभुसाल

यस सस्थाका सन्चालक श्री हिरामणी भुसाल ज्यू का पुजनिय पिता जेदुलाल भुसालको मिति २०८१/०३/१८ गते ९१ बर्षको उमेरमा असमायिक स्वर्गारहण भएको हुदा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपुर्ण श्रद्दान्जली अर्पण गर्दछौं। साथै यस दु:खद् घडिमा शोक सन्तप्त परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक

समबेदना प्रकट गर्दछौं ।

गुगल ओभरसिज प्रालि परिवार

google
GOOGLE OVERSEAS PVT. LTD.



## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**पद:** Accountant -1 (M/F)
(PRO) Public Relations Officer-1 (M/F)

**योग्यता:**
- कम्तिमा ३ वर्षको अनभव
- उत्कृष्ट सञ्चार क्षमता
- नेपाली र अंग्रेजी भाषामा दक्षता

**तलब: आपसी समझदारीमा**

**आवेदन प्रक्रिया:**
आवेदन पत्र र आवश्यक कागजातहरु यस विज्ञापन प्रकाशित भएको मितिबाट ७ दिनत्रि तलको ठेगानामा पठाउनुहोला :

**नोट: केवल छोट-सूचीकृत उम्मेद्वारहरूसँग मात्र सम्पर्क गरिनेछ ।**

TESLA Govt. License 1638/080/81

**TESLA OVERSEAS PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal
Tel: 9807797030, 9851320099, 9851092233
Email: info@teslaoverseas.com.np



## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHINESE SUPERMARKET CO WLL

पूर्व स्वीकृति मिति २०८१/०३/२५ | LT. No. 307306 | चलानी नं. ६०२२२०३९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BD | ने.रू. | | | | | | | |
| 1 | SALES | 15 | 5 | 150 | ५३,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

श्रम ईजाजत नं. १६६५/०८०/८१



## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०६/२० मा प्रा. लि. नं. २४४२०५ मा दर्ता भएको **शुभ तारा मार्ट प्रा.लि.** को मिति २०८१/०२/०७ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ (पैतीस) दिनभित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हक दावी गर्न सम्बन्धित सबैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर शेर बहादुर रोकाया** (इजाजत नं. २८७)
**बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAM AL-NAHDA COMPANY FOR TRANSPORT AND LOGISTICS SERVICES

पूर्व स्वीकृति मिति: २०८१/०३/२५ | LT. No. 307373 | चलानी नं. ६०२२२०४३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | LOADING AND UNLOADING WORKER | 75 | 0 | 1000 | ३५,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.N. RECRUITING SERVICE PVT.LTD. Govt. License 1284/074/75

**S.N. Recruiting Service Pvt Ltd**
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884
E-mail : snrecruitingnepal@gmail.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०६९/०४/११ मा दर्ता भएको भएको प्रा.लि.नं. ९५३१० को **दिवाज फिल्मस् प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०४/०३ मा दर्ता भएको **प्रा.लि. नं. १७११०३** को **रामेछाप सिटी भिलेज यातायात प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARAB TECHNICAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/२५ | LT. No. 299285 | चलानी नं. ६०२१४३१८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Building Worker | 1 | 0 | 1000 | ३६,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Busin. Executive | 1 | 0 | 3000 | ११०,०५० | | | | | | | |
| 3 | Driver | 1 | 0 | 1500 | ५५,०२५ | | | | | | | |
| 4 | Gen.clean Worker | 1 | 0 | 1000 | ३६,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Muskan Overseas Pvt.ltd (ई.प.नं.१३४२/०७४/७५) मा कार्यरत Pawan Gurung (Citizenship number: 36-01-71-02540) र Sujana Humagain (Citizenship number: 19-02-75-00538) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण हाल यस कार्यालयमा कार्यरत नरहेको हुनाले निजसंग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## आमाहरूको उदाहरणीय अभियान

**मुलुकको दुर्गम क्षेत्रका गाउँहरूमा अझै पनि बालविवाह र महिला हिंसाका घटनाहरू रोकिएका छैनन् । सरकारले यस्ता कार्य रोक्न विभिन्न कार्यक्रम ल्याएको छ । ऐन, कानुनको पनि कमी छैन । तर पनि यस्ता घटना ग्रामीण बस्तीमा अझै नरोकिनु विडम्बनाको विषय हो । मुख्यतः शिक्षा र सचेनाको अभावमा यस्ता घटना घटिरहेका पाइन्छन् । पुस्तौंदेखि गडिएर आएको समस्या भएर पनि सजिलै हटाउन नसकिएको यथार्थ हो ।**

**यहीबीच दाङको गढवा गाउँपालिका-५ खजरौटाका आमाहरूले भने बालविवाह र महिला हिंसा रोक्न उदाहरणीय काम गरिरहेको पाइएको छ । राष्ट्रिय समाचार समितिको समाचारअनुसार यहाँ आमा समूह गठन भएको तीन वर्ष भयो । मुक्त कमलरी विकास मञ्चको बालविवाह न्यूनीकरण कार्यक्रमअन्तर्गत गठित आमा समूहले गाउँघरमा हुने हरेक कार्यक्रममा सहभागिता जनाउने गरेको छ । बालविवाह न्यूनीकरण, महिला हिंसाको वकालत, प्रजनन स्वास्थ्यका बारेमा हुने छलफलमा आमा समूहका आमाहरू सहभागी हुने गरेका छन् । समूहमा आबद्ध नहुँदासम्म उनीहरूलाई धेरै कुरा थाहा थिएन । अहिले कानुनी र व्यावहारिक सबै कुरा थाहा भएपछि समाजलाई सचेत बनाउन लागेका छन् । आमा समूहमार्फत बालविवाह रोकथाम तथा छोराछोरीको उमेर पुगेपछि मात्र विवाह गर्न सुझाव दिने अभियानमा जुटेका छन् ।**

**बालविवाह र महिला हिंसामात्रै होइन समूहले सदस्यलाई बचत गर्न सिकाइ आवश्यक परेका समयमा लगानीसमेत गर्ने गरेको समाचारमा उल्लेख छ । किशोर अवस्थामा आउने परिवर्तन तथा उत्सुकता मेटाउन बाल क्लब र आमा समूह गठन गरेर काम काम गरिरहेका छन् । यी समूहलाई मञ्चले तालिम तथा अन्य कार्यक्रममार्फत सचेतना अभिवृद्धिमासमेत जोड दिइरहेको छ । आमाहरूलाई गाउँघरमा हुने हिंसा घटाउने काममा लगाउनेमात्रै होइन उनीहरूको आय आर्जन वृद्धि गर्न व्यावसायिक तरकारी खेतीका लागि सहयोग गरिरहेको पाइएको छ ।**

**गढवाका आमाहरूको यो अभियान साँच्चै नै उदाहरणीय छ । यो कार्यको खुलेर प्रशंसा गर्ने मात्रै होइन, थप प्रभावकारी बनाउन सहयोग र उत्प्रेरण जगाउने काम गर्नुपर्छ । यस्तै कार्यक्रम अन्य गाउँमा पनि विस्तार गर्ने गरी अभियानलाई व्यापकता दिनुपर्छ । समाज परिवर्तनमा आमाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । उनीहरूले चालेको अभियानले चाँडै सकारात्मक प्रभाव छाड्ने गरेको छ । त्यसैले यस्ता अभियानमा देशभरका आमाहरूलाई अगाडि बढाउन जरुरी छ । गढवाका आमाहरूप्रति नमन ।**

# मौद्रिक नीतिमा निजी क्षेत्रको अपेक्षा



■ चन्द्रप्रसाद ढकाल

हामी विगत दुई वर्षयता निक्कै जटिल समस्यासँग जुधिरहेका छौं । अर्थतन्त्रमा संकुचन छ भने सर्वसाधारणमा निराशा व्याप्त छ । मुद्रास्फीति ४.४० प्रतिशत छ । यो कम हुँदै गएको छ । तर अघिल्ला तीन वर्षमा करिब सात प्रतिशत माथिको मूल्यवृद्धि भएको थियो । समग्रमा कोभिडपछि बजार भाउ निक्कै बढेको छ । तर सर्वसाधारणको क्रयशक्ति सोहीअनुसार बढ्न सकेको छैन ।

उद्यम व्यवसाय चल्न नसकेका कारण आम्दानी घटेको छ । नयाँ लगानी हुन नसक्दा रोजगारीका नयाँ अवसर पनि खुल्न सकेका छैनन् । विप्रेषण आप्रवाह १० महिनामै झण्डै १२ खर्ब पुगेको छ । जुन हालसम्मकै उच्च छ । यसरी आएको रकम बैंक तथा वित्तीय संस्थामा जम्मा भएको छ । यसले नयाँ माग सिर्जना गर्न नसक्नु हामीले सोच्नुपर्ने विषय हो ।

कोभिडअघि मासिक औसत एक खर्ब ६० अर्ब रूपैयाँको आयात भएकोमा अहिले एक खर्ब ३० अर्ब रूपैयाँ हाराहारी छ । आयात घट्नु विदेशी विनिमय सञ्चितिका लागि सुखद भए पनि यसले बजार चलायमान हुन नसकेको देखाएको छ ।

औद्योगिक कच्चा पदार्थ र मध्यस्थ वस्तुहरूको आयात पनि उत्साहजनक छैन । यसको अर्थ हो औद्योगिक गतिविधि संकुचित भइरहेका छन् । उत्पादनमूलक उद्योगहरू ३० देखि ४० प्रतिशत क्षमतामा चलिरहेका छन् ।

पर्यटन आगमन बढेको छ । तर विदेशिने विद्यार्थी र घुम्न जानेहरूबाट रकम पनि बाहिरिएको छ । तथापि विदेशी विनिमय सञ्चिति साढे १९ खर्ब हाराहारी छ । यसले हरेक महिना रेकर्ड बनाइरहेको छ । साढे १२ महिनाको वस्तु तथा सेवा आयात गर्न यो रकम पर्याप्त छ । जबकि यस वर्षको मौद्रिक नीतिको लक्ष्य सात महिना थियो । सोधनान्तर स्थितिमात्र नभई चालु खाता पनि धनात्मक छ ।

> सबै व्यवसायीको नियत खराब होइन । परिस्थितिका कारण समस्यामा पर्ने धेरै छन् । नीति निर्माता पनि सुधारमै लागिरहनुभएको छ । तर नतिजा आउन सकेको छैन । हामी सबै एकै डुंगामा छौं । अब हामीले समीक्षा गर्नुपर्ने बेला भइसकेको छ । विगतमा फरक परिस्थितिमा ल्याइएका नीतिहरू अहिलेको अवस्थामा सान्दर्भिक भए नभएको मूल्यांकन गरिनुपर्छ । आयात निरूत्साहित गर्ने, कर्जा नियन्त्रण गर्ने नीतिले असर अहिलेसम्म कायम छ भने सुधार गर्नुपर्छ ।

सञ्चिति सबल हुनु राम्रो हो तर अत्यधिक सञ्चिति हुनुले पनि आर्थिक गतिविधि सुस्ताएको संकेत गर्दछ । यस परिप्रेक्ष्मा हामीले बजेटमा पनि सुझाव दियौं । हाम्रा केही माग सम्बोधन भए पनि बजार चलायमान बनाउने नीति आउन सकेनन् । यसपछिको हाम्रो अपेक्षा मौद्रिक नीतिमा हो । यसैले हामी आज भेला भएका छौं । माथिका केही तथ्यांक मैले उदाहरणमात्रै दिन खोजेको हुँ । हामी सबै अर्थतन्त्रबारे जानकार नै छौं । अब भने धेरै ढिला भइसक्यो सुधारका उपाय अवलम्बन गरेनौं भने निराशा थप बढ्ने छ ।

यस्तो अवस्थामा के गर्ने त ? यो प्रश्न स्वाभाविक हो । यसबारे केन्द्रीय बैंक जानकार छ । तर पनि हामी केही सुझाव यहाँ पेस गर्न चाहन्छौं । पहिलो उत्पादनमूलक उद्योगको क्षमता बढाउनुपर्छ । ब्याजदर अन्यभन्दा कम गर्ने विषय पहिले पनि आएको थियो । यसको कार्यान्वयनका बारेमा नीतिले बोल्नुपर्छ ।

मागमा आएको संकुचनका कारण उद्योगहरूको ऋण तिर्ने क्षमता कम भएको छ भने त्यसलाई सम्बोधन गरिनुपर्छ । लगानीलाई प्रोत्साहन गर्ने नीति आउनुपर्ने हाम्रो माग हो ।

पर्यटन तत्काल प्रतिफल दिने क्षेत्र हो । पर्यटन पूर्वाधार र व्यवसायलाई प्रवर्द्धन गर्ने विषयमा मौद्रिक नीतिले केही सोच्नुपर्छ । यसमा कर्जा प्रवाह सहज र सुलभ गरिनु उपयुक्त हुन्छ ।

गत वर्षभन्दा कर्जाको ब्याजदर घटेता पनि निक्षेपको तुलनामा कर्जा प्रवाह आधामात्रै बढेको छ । नगद प्रवाहमा भएको समस्या, न्यून उत्पादन, निजी क्षेत्रको गिर्दो मनोबलका कारण नयाँ लगानीका योजनासमेत स्थगन भइरहेका छन् । पुराना लगानीकर्ताले लगानी बढाउन र नयाँ व्यवसायीले नयाँ लगानी गर्न सकेका छैनन् ।

बजारमा माग सिर्जना गर्न गाउँ र साना सहरहरूमा सानो कर्जा सुविधा विस्तार गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई प्रोत्साहन गरिनुपर्छ । सहकारी र लघुवित्तमा आएको समस्याले अहिले रकम प्रवाह हुन सकेको छैन । यो विषयलाई पनि नीतिले समेट्नुपर्छ ।

अहिलेको अवस्थामा उद्योग व्यवसाय बन्द गर्नुपरेमा साँवा ब्याजको किस्ता तिर्ने प्रतिबद्धता भएका उद्योगहरू बन्द गर्न पाउने व्यवस्था गरी सहजकर्जा राफसाफको व्यवस्था गर्नुपर्छ । यसैगरी कर्जा चुक्ता गरिसकेपछि पनि ऋणीलाई लामो समयसम्म कालोसूचीमा राख्ने व्यवस्थाले पनि व्यवसायीलाई निरुत्साहित गरेको छ । यसतर्फ पनि म गभर्नरज्यूको ध्यानाकर्षण गराउन चाहन्छु ।


यसैगरी सेयर घरजग्गा, गरगहना कारोबारलाई सहज बनाउनेतर्फ पनि सोच्नुपर्ने हुन्छ । यसले बजार चलायमान बनाउन मद्दत पुग्छ । बैंक र व्यवसायी एउटै समस्यामा छौं । बैंक वित्तीय संस्थामा पनि समस्या देखिने हो कि भन्ने चर्चा हुन थालेको छ । खराब कर्जा अनुपात बढिरहेको छ । वित्तीय क्षेत्रलाई जोगाउनुपर्ने मात्र हैन अगाडि बढ्न पनि दिइनुपर्छ ।

सबै व्यवसायीको नियत खराब होइन । परिस्थितिका कारण समस्यामा पर्ने धेरै छन् । नीति निर्माता पनि सुधारमै लागिरहनुभएको छ । तर नतिजा आउन सकेको छैन । हामी सबै एकै डुंगामा छौं ।

अब हामीले समीक्षा गर्नुपर्ने बेला भइसकेको छ । विगतमा फरक परिस्थितिमा ल्याइएका नीतिहरू अहिलेको अवस्थामा सान्दर्भिक भए नभएको मूल्यांकन गरिनुपर्छ । आयात निरुत्साहित गर्ने, कर्जा नियन्त्रण गर्ने नीतिले असर अहिलेसम्म कायम छ भने सुधार गर्नुपर्छ । चालु पुँजी कर्जासम्बन्धी व्यवस्था अहिलेको परिस्थितिमा के कति र कति मात्रामा आवश्यक छ यसबारे पनि खुला छलफल हुनु आवश्यक छ । यही हाम्रो आग्रह छ ।

*(नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालले मंगलबार आगामी आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिबारे आयोजित छलफल कार्यक्रममा व्यक्त मन्तव्यबाट)*

# 'बिर्सिएको वर्ग संघर्ष' ले सम्झाएको समाजवाद



■ श्याम रिमाल

नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका केन्द्रीय सदस्य तथा केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले पार्टीको दसौं राष्ट्रिय महाधिवेशनको अवसर पारेर 'बिर्सिएको वर्ग संघर्ष' नामक राजनीतिक-सैद्धान्तिक-वैचारिक कृति प्रकाशनमा ल्याएका छन् । समय-समयमा राजनीतिक विषयमा कलम चलाउँदै आएका पार्टीका युवा नेता वामपन्थ, समाजवाद, साम्यवाद आदि विषयमा दखल पनि राख्छन् ।

कृतिमा कम्युनिस्ट सरकार, सत्ता र समाजवाद, आमसञ्चार, सूचना प्रविधि, पुँजीवाद, विद्यार्थी आन्दोलन, नेपाली समाजवादी आन्दोलनका केही सैद्धान्तिक आधार, समाजवाद निर्माणमा वैज्ञानिक चेतना र संस्कृति, संस्कृति निर्माणमा बरालिएको वाम आन्दोलन, पहिलेका र अहिलेका कम्युनिस्टहरूको तुलनात्मक चरित्र र व्यवहार, नेपाली कम्युनिस्ट आन्दोलनको अर्को प्रमुख घुम्तीका रूपमा रहेको एकीकृत समाजवादीको पछिल्लो दस्तावेजजस्ता १२ अध्याय तथा पार्टी अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालका भूमिका छन् । बर्दिया, बढैयाताल-६ निवासी अर्याल रत्नराज्य क्याम्पस, भृकुटीमण्डप, काठमाडौंका स्ववियु सभापति, युवा संघ, नेपालका केन्द्रीय सदस्य, नेकपा एमालेको तत्कालीन भेरी अञ्चल कमिटी सदस्य तथा युवा विद्यार्थी इन्चार्ज एवं केन्द्रीय युवा तथा खेलकुद विभाग सचिवका भूमिकामा पनि रहिसकेका छन् ।

वामपन्थी दलका नेता तथा कार्यकर्ता नेतृत्वमा को रहने र कति समयसम्म रहने, प्रौढहरूले नै जीवन रहेसम्म पदमा रहने वा समय आएपछि नेतृत्व हस्तान्तरण गर्ने, नेतृत्व हस्तान्तरणका लागि तन्नेरी पुस्ता पनि सक्षम र सम्हाल्न सक्ने योग्यतामा पुग्नुपर्ने, जनताको बहुदलीय जनवाद वा एक्काइसौं शताब्दीको जनवाद नौलो जनवाद वा जनतन्त्र वा समाजवादी सिद्धान्त-कार्यदिशा र कार्यक्रम कुन अपनाउने भन्ने बहस र छलफल चलिरहेका बखत युवा नेता अर्याल भने युवा-विद्यार्थी पुस्ता र वर्ग समाजवाद-साम्यवादको सिद्धान्तले पोख्त हुनुपर्ने विचार राखी प्राज्ञिक-सैद्धान्तिक बहसका लागि महाधिवेशनको मुखैमा कृति प्रकाशन गरेर महाधिवेशन प्रतिनिधि तथा नेता-कार्यकर्ताको ध्यान खिच्नपट्टि लागेका थिए । वास्तविक समाजवादी बनी मुलुकमा समाजवाद ल्याउन हरेक क्रान्तिकारी अझ आफूलाई कम्युनिस्ट अथवा समाजवादी भन्नेहरूले समाजवाद, पुँजीवाद, नौलो जनवाद, पुँजीवादी जनवादी क्रान्ति जस्ता शब्दावली र तिनले दिने गूढार्थबारे स्पष्ट हुनु जरुरी छ ।

अर्यालले कृतिमा ७० वर्षसम्म समाजवादको सिद्धान्तबाट सञ्चालित सोभियत सत्ता कसरी ढल्यो र चीनमा अझै सात दशकसम्म कसरी समाजवाद टिकिरहेको छ भन्ने कुरामा वामपन्थीहरूले राम्रो अध्ययन गर्नुपर्नेमा जोड दिएका छन् । वि.सं. २०७२ को 'नेपालको संविधान' मा नेपाल समाजवादोन्मुख भनी उल्लेख भए पनि मुलुक अहिले समाजवाद स्थापना गर्ने चरणमा नपुगिसकेको तथा हामी अहिले समाजवादोन्मुख पनि नरहेको स्पष्ट गर्दै यस तथ्यलाई बलियो गरी आत्मसात् नगरीकन नेपाली कम्युनिस्टहरू ठीक ठाउँमा नपुग्ने ठोकुवा पनि गरेका छन् ।

'कम्तीमा नेपाललाई चाहिने आवश्यक सरसामान नेपालमै उत्पादन गर्ने र नेपाली वस्तुको प्रयोगमा जोड दिने अभियानको नेतृत्व कम्युनिस्टहरूले गर्न सक्नुपर्छ । ...अहिलेको नेपालका कम्युनिस्ट पार्टीहरू र उनीहरूको क्षमता र चेतना यसभन्दा बढी गर्न सक्ने पनि देखिँदैन । यतिमात्रै गर्न सके भने पनि समाजवादोन्मुख समाज निर्माण गर्ने अभियानमा उनीहरूको ठूलो योगदान हुन सक्छ । स्वाधीन अर्थतन्त्र निर्माण र यसका जगमा उभिएको चेतनाले निर्मित कम्युनिस्ट आन्दोलनले मात्र समाजवाद निर्माणको बाँकी कार्यभार पूरा गर्न सक्छ,' लेखकले समाजवादका लागि पहिलो कामबारे कम्युनिस्ट नेतृत्व र सरकारको नेतृत्व गरिरहेको वाम सरकारको ध्यानाकर्षण गराएका छन् ।

विद्यमान आमसञ्चार र नयाँ सूचना प्रविधिले मानिसका दिमागमा पुँजीवादीहरूले चाहेको नयाँ सूचना, नयाँ आविष्कार थोपरिदिएका अवस्थामा समाजवादीहरूले पनि आममान्छेलाई संस्थापनभन्दा फरक विचार प्रवाह गर्ने र पुरातन चेतनाबाट प्रगतिशील चेतनातर्फ अभिप्रेरित गर्ने प्रगतिशील प्रयत्न गर्नुपर्नेमा कृतिमा जोड दिइएको छ । भ्रमित आमजनतालाई सही ढंगले सुसूचित गर्न समानान्तर




सूचना प्रणालीमा जोड दिँदै जसको अपेक्षा केवल समाजवादीसँग नै गर्न सकिने लेखकको विश्वास छ । 'श्रमजीवी पत्रकारले आफ्नो वर्ग दृष्टिकोणअनुरूप यहाँ (सञ्चारगृहमा) संघर्ष गर्न जरुरी हुन्छ । त्यस्तो प्रकारको संघर्ष सेवा सुविधामा मात्र केन्द्रित होइन, समाचार र विचारको विषयवस्तु प्रसारणमासमेत देखिनुपर्छ,' लेखकले आमपत्रकारको ध्यानाकर्षण गराएका छन् ।

लेखकले 'विद्यार्थी आन्दोलन: विगतको सिकाइ र आजको तयारी' शीर्षक अध्यायमा नेपाली विद्यार्थीले 'जयतु संस्कृतम्' अभियानमार्फत नै राणाशासनविरुद्ध संघर्ष गरेको उल्लेख गर्दै वि.सं. २०३६, ०४६, ०६२/६३ को आन्दोलनमा नेतृत्वदायी र सहायक भूमिका निर्वाह गरेको तथा विद्यार्थी आन्दोलनबाट नै धेरै राजनीतिक नेताहरू उदाई राष्ट्रिय राजनीतिमा पकड राखेकाले राजनीतिमा संलग्न भई समाजवादी आन्दोलनमा खासगरी वामपन्थी विद्यार्थीलाई अझ धेरै त्याग र बलिदान गर्न आग्रह गरेका छन् । 'त्यसका लागि विद्यार्थीले विचारधारात्मक संघर्षदेखि आन्दोलनको निरन्तरतासम्मको अभिभारा बोक्नुपर्ने हुन्छ,' उनको सुझाव छ ।

एकीकृत समाजवादीका युवा नेता अर्यालले हामीले विरासतमा पाएको संस्कृति र हाल विकसित हुँदै गरेका संस्कृतिका विभिन्न पक्षलाई विज्ञानका कसीमा दाँज्दै त्याग गर्नुपर्ने र विकसित गर्नुपर्ने तथ्यलाई छुटचाउँदै समाजवादी संस्कृति निर्माण गर्नुपर्ने र धर्म-अध्यात्म, यज्ञ-पुराणमा जकडिएको वाम आन्दोलनबाट मुक्त हुन आग्रह गरेका छन् । पुँजीवादी राजनीतिक व्यवस्था र उत्पादन पद्धति कायम राखेर नेपाली सुखी र मुलुक समृद्ध नहुने स्पष्ट गर्दै समाजवाद निर्माणको जोखिम उठाउन सत्ता र सरकारमा नअल्झिएर वर्गसंघर्षमा नै जोड दिएका छन् । 'सत्ता संघर्ष होइन, वर्ग संघर्षमा जोड दिनुपर्छ । त्यस्तो प्रकारको वर्ग संघर्ष सडक, सदन र सरकारमा देखिने गरी सञ्चालन गरिनुपर्छ । ...अन्यथा हामी विस्तारै बुर्जुवा राजनीतिमा पतन हुनेमा कुनै शंका छैन,' लेखकले स्पष्ट गरेका छन् ।

गणतन्त्रप्राप्तिपछि कम्युनिस्ट आन्दोलनमा देखापरेको दक्षिणपन्थी विर्सजनवाद, टुटफुट, विभाजन र आन्दोलनको बुर्जुवाकरणलाई एकीकृत समाजवादीको दशौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेज र खासगरी समाजवादी कार्यदिशाले तोड्ने विश्वास गर्दै अर्यालले चालु महाधिवेशन (असार १६-२०) नै नेपाली कम्युनिस्ट आन्दोलनको अर्को एउटा मोड सावित हुनसक्ने विश्वास गरेका छन् । प्रगतिशील संसद्वाद, पार्टीमा युवा प्रतिनिधित्वको व्यवस्था, आ-आफ्ना क्षेत्रभित्र पर्ने राजकीय पदहरू सम्बन्धित कमिटीले नै चयन गर्न पाउने नयाँ व्यवस्था, पार्टीबाहिर रहेर विभिन्न क्षेत्रमा योगदान गरेका, कुनै विषयवस्तुमा विशेषज्ञता हासिल गरेका र समाजवादी ध्येय बोकेका व्यक्तिलाई नेतृत्व तहमा लाने तथा तिनका ज्ञान र क्षमतालाई आन्दोलनका हितमा प्रयोग गर्ने बुँदा समेट्दै क्रान्तिको मुख्य ध्येय समाजवादी क्रान्ति नै भएको उल्लेख गरेर पार्टीलाई नयाँ स्पातिलो बनाउने दृढता व्यक्त गरिएको लेखकले जनाएका छन् । एकीकृत समाजवादीको दस्तावेज सिंगो कम्युनिस्ट आन्दोलनको अर्को एउटा महान् मोड अर्थात् नयाँ घुम्ती साबित हुने उनको विश्वास छ ।

एकीकृत समाजवादीको दस्तावेजमा सबै समाजवादी अटाउन सक्ने लेखकको विश्वास कत्तिको पूर्ण हुन्छ, त्यो त हेर्न बाँकी नै छ । समाजवादको सैद्धान्तिक कृतिमा विद्यार्थी आन्दोलनको वर्णन अहिले बढी नै भएको महसुस हुन्छ । कृतिले वामपन्थी जगत्, युवा र विद्यार्थीको भने ध्यानाकर्षण गर्ने विश्वास गर्न सकिन्छ । कामपा-७, चाबहिल, काठमाडौंका संगीता पाठक र निकिता श्रेष्ठद्वारा प्रकाशित प्रस्तुत कृतिमा संग्रहित विचार पठनीय रहेको र यसले नेपाली कम्युनिस्ट आन्दोलनमा चासो राख्ने जोकोहीलाई पनि आकर्षण गर्न सक्ने विश्वास गर्न सकिन्छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु । पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।' क्रमशः

# बालविवाह र महिला हिंसा घटाउन सक्रिय छन् गढवाका आमाहरू



**देउखुरी (दाङ)–** गढवा गाउँपालिका-५ खजरौटामा आमा समूह गठन भएको तीन वर्ष भयो । मुक्त कमलरी विकास मञ्चको बालविवाह न्यूनीकरण कार्यक्रमअन्तर्गत गठित आमा समूहले गाउँघरमा हुने हरेक कार्यक्रममा सहभागिता जनाउने गरेको छ ।

समूहकी अध्यक्ष आनन्दा यादव ४६ वर्षकी भइन् । उनी आमा समूहमा आबद्ध भएपछि धेरै कुरा सिक्ने अवसर मिलेको बताउँछिन् । बालविवाह न्यूनीकरण, महिला हिंसाको वकालत, प्रजनन स्वास्थ्यका बारेमा हुने छलफलबाट धेरै सिकाइ भएको उनले बताइन् । 'समूहमा आबद्ध नहुँदासम्म धेरै कुरा थाहा थिएन । अहिले कानुनी र व्यावहारिक सबै कुरा थाहा भएपछि समाजलाई सचेत बनाउन लागेका छौं । आमा समूहमार्फत बालविवाह रोकथाम तथा छोराछोरीको उमेर पुगेपछि मात्र विवाह गर्न सुझाव दिने अभियानमा जुटेका छौं,' उनले भनिन् ।

समूहका सचिव गरिमा बुढाथोकी आफैँले १७ वर्षको उमेरमा भागी बिहे गरेका थिए । सानो उमेरमा विवाह गर्दा शारीरिक, मानसिक तथा अन्य वृत्तिविकासमा असर पुग्ने अनुभव गरेपछि ३५ वर्षको उमेरमा उन बालविवाह घटाउने अभियानमा जोडिनुभएको छ । 'सानो उमेरमा बिहे गर्नुहुँदैन भन्ने कुरा उबेला थाहै भएन । बिहे गरियो तर अहिले पछुतो लागिरहेको छ । उमेर पुगेर गरेको विवाहले शारीरिक मानसिक रूपमा परिपक्क हुन पाइने कुरा अहिले मात्रै थाहा भएको छ,' सचिव बुढाथोकीले भनिन्, 'अचेल गाउँघरमा हुने महिलाहिंसा न्यूनीकरण, बालविवाह रोकथामलगायत विषयमा वकालत गर्ने गरेका छौं । यसले अहिलेका पुस्ता र अभिभावकलाई सचेत गराउन योगदान पुगेको छ ।'

बालविवाह र महिला हिंसामात्रै होइन समूहले सदस्यलाई बचत गर्न सिकाइ आवश्यक परेका समयमा लगानीसमेत गर्ने गरेको छ । मुक्तकम्लरी विकास मञ्चकी फिल्ड संयोजक ज्ञानु थापाले किशोर अवस्थामा आउने परिवर्तन तथा उत्सुकता मेटाउन बाल क्लब र आमा समूह गठन गरेर काम भइरहेको बताइन् । यी समूहलाई मञ्चले तालिम तथा अन्य कार्यक्रममार्फत सचेतना अभिवृद्धिमा समेत जोड दिइरहेको उनले जानकारी दिइन् । 'आमाहरूलाई गाउँघरमा हुने हिंसा घटाउने काममा लगाउनेमात्रै होइन उनीहरूको आय आर्जन वृद्धि गर्न व्यावसायिक तरकारी खेतीका लागि सहयोग गरिरहेका छौं । पालिकाको कृषि शाखासँग समन्वय गरेर आमा समूहलाई कृषिमा आत्मनिर्भर बनाउने अभियान पनि सँगसँगै अगाडि बढाइरहेका छौं,' थापाले भनिन् ।

गढवागाउँ पालिकाका उपाध्यक्ष शारदाकुमारी चौधरीले बालविवाह न्यूनीकरणका लागि अन्तरक्रिया, सडक नाटक देखाउने र पालिकाभित्रका वडाका गुरुवा, धामी र महतवालाईसँगै राखेर जनचेतनामूलक कार्यक्रम गर्ने गरेको बताए । यसकार्यले बालविवाह र हिंसा घटाउन योगदान पुगेको उनले जानकारी दिइन् । 'विद्यालयमा बाल क्लब र गाउँमा आमा समूह गठन गरेर जानकारीमूलक कार्यक्रम भइरहेका छन् । पालिकाले पनि प्रत्येक वर्ष मुक्तकम्लहरी, सीमान्तकृत समुदाय र पछाडि परेका वर्गको उत्थानका लागि कार्यक्रम गर्ने गरेको छ,' उनले सुनाइन् ।

यहाँका आमाहरू आफैँ अभियानमा जुटेपछि महिला हिंसा र बालविवाह घटाउन सहज भएको जानकारहरू बताउँछन् । यहाँका अन्य पालिका र वडाले पनि यस अभियानलाई विस्तार तथा लागू गर्नसके थप सहज हुने समूहमा आबद्ध आमाहरूको विश्वास छ । *रासस*

# भारी वर्षाले झापाको जनजीवन प्रभावित

**दमक (झापा)–** भारी वर्षासँगै विभिन्न खोला, नदीमा आएका बाढीले झापाको जनजीवन प्रभावित भएको छ । बाढी पसेर कटान र डुबान भएका बस्तीका सर्वसाधारणलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दका अनुसार पछिल्लो समय कन्काईमा आएको बाढीले गौरीगञ्ज गाउँपालिका-१ को टप्पु बस्ती र झापा गाउँपालिकाको सुगाबथानका ५१ घर परिवार प्रत्यक्ष प्रभावित भएका छन् ।

झापा गाउँपालिका र गौरीगञ्ज-१ मा यस वर्ष बाढीले तीन जनाको मृत्यु भएको छ । एक बालक बेपत्ता छन् । झापा गाउँपालिका-२ स्थित सानो माई खोलामा डुबेर सोमबार एक बालकको मृत्यु भएको हो ।

सोमबार दिउँसो खोलामा खेल्ने क्रममा डुबी घाइते भएका झापा गाउँपालिका-२ का रहमान आलम मियाका तीन वर्षीय छोरा दिलसाद आलम मियाको उपचारको क्रममा कन्काई अस्पताल सुरुंगामा मृत्यु भएको हो । यसअघि सोही ठाउँका एक जना र गौरीगञ्ज-१ का एक जनाको मृत्यु भइसकेको छ । गौरीगञ्ज-१ का १२ वर्षीय बालक कमल बनियानी खोलामा डुबेर दुई साता अघि बेपत्ता भए पनि फेला परेका छैनन् ।

त्यसैगरी रतुवा खोलामा आएको बाढीले कमल गाउँपालिका-६ खयरबारीमा कटान गरेको छ । मंगबार कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राई, नेपाल रेडक्रस सोसाइटी कमल उपशाखाका सभापति चन्द्र साह, सचिव पारसमणी राईसहित रेडक्रसकर्मीको टोलीले प्रभावित क्षेत्रको स्थलगत जानकारी लिए ।

खयरबारी क्षेत्र विसं २०५० अघिदेखि रतुवा खोलाको कटानका कारण जोखिममा छ । रतुवाका कारण २० वर्षअघिदेखि विस्थापित भएका बाढीपीडित परिवारलाई तत्काल वैकल्पिक बसोबासको व्यवस्था मिलाइए पनि स्थायी बसोबासको व्यवस्था गर्न सकिएको छैन । *रासस*

# बाढी प्रभावितलाई महाकाली अस्पतालमा निःशुल्क

**कञ्चनपुर (प्रस)–** कञ्चनपुरका बाढी प्रभावितलाई महाकाली प्रादेशिक अस्पतालले निःशुल्क उपचार गर्ने भएको छ । बाढीमा परेर घाइते र प्रभावित क्षेत्रका बिरामी हुने नागरिकको अस्पतालले निःशुल्क उपचार गर्ने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णानन्द भट्टले जानकारी दिए ।

स्वास्थ्य समस्या देखिए तत्काल अस्पतालमा ल्याई उपचारमा सहयोग गरिदिनसमेत उनले आग्रह गरे । 'बाढीमा परेर चोटपटक वा बिरामी भएमा अस्पतालले निःशुल्क उपचार गर्ने व्यवस्था मिलाइएको छ, हालसम्म पाँचजनाको उपचार गरिसकेका छौं, बिरामी आउने क्रम जारी छ,' अध्यक्ष भट्टले भने ।

बाढी र डुबानका कारण कञ्चनपुरमा एक हजार ११२ परिवारका चार हजार ३६५ जना प्रभावित बनेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । मंगलबार मौसममा सुधार आएपछि बाढी प्रभावित घर फर्किन थालेका छन् । दोधारा चाँदनी नगरपालिकाका नगरप्रमुख किशोर लिम्बूले विद्यालयमा आश्रय लिएर बसेका बाढी प्रभावित घर फर्किन थालेको बताए । 'बस्तीमा पानी घट्न थालेपछि बाढी प्रभावित घर फर्किन थालेका छन्,' उनले भने, 'प्रभावितका लागि खान बस्नको व्यवस्था नगरपालिकाले गरिरहेको छ ।'

## सिन्धु ज्वाला हाइड्रोपावर लि. को
### पाँचौं, छैठौं र सातौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०३/२६**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१/०३/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानूसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको लिमिटेड पश्चात पाँचौ, छैठौं र सातौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारणसभामा आफैं उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

**वार्षिक साधारणसभा हुने मिति, समय र स्थान:**
**वार्षिक साधारणसभा हुने मिति** : साउन १२, २०८१
**सभा सुरु हुने समय** : बिहान १०:३० बजे
**स्थान** : रोयल जडिबुटी ब्याङक्वेट, जडिबुटी-३१ काठमाडौं

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने कम्पनी रजिस्ट्रारको कार्यालयबाट भएको मिति २०७९/०१/०२ को निर्णय र निर्देशन तथा उच्च अदालत पाटनको मुद्दा नं. ०७८-DP-१६९० निर्णय नं. ७६७ र मुद्दा नं. ०७९-CB-१२४३ निर्णय नं. ७७२ फौसला बमोजिम आ. व. ०७३/७४ देखि आ. व. ०७७/७८, आ. व. ०७८/८९ र आ. व. ०७९/८० को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. कम्पनीको कार्यप्रगति विवरण पेश गरी कम्पनीको उद्देश्य प्राप्तिका लागि हालसम्म भएका कार्य तथा निर्णयहरूलाई अनुमोदन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रबन्धपत्र र नियमावलीअनुसर सञ्चालक समितिको गठन सम्बन्धमा ।
४. कम्पनीको चालु आ.व. ०८०/८१ को लागि लेखा परिक्षक नियुक्त गर्ने र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
५. सञ्चालक समितिका पदाधिकारीहरूको जिम्मेवारी अनुसार सेवा सुविधा तोक्ने सम्बन्धमा ।
६. कम्पनीको संस्थापक शेयरधनीहरूले लिन कबुल गरेको शेयर र सो समूहमा पर्ने अवितरित शेयरको बाँडफाँड तथा भुक्तानी सम्बन्धमा ।
७. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सम्बन्धमा ।
८. बैंक कर्जाको लागि थप कर्जाको रिभाइज थप कर्जा लिने सम्बन्धमा ।

**विशेष प्रस्तावहरू :**
(क) कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने सम्बन्धमा ।
(ख) प्रबन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायको निर्देशन अनुसार आवश्यक फेरबदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
९. विविध ।

**नोट:**
(१) प्रोक्सी मिति २०८१ साउन १० गतेसम्म यस कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ ।
(२) साधारणसभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरूको हस्ताक्षरको लागि हाजिरी पुस्तिका ९:०० बजेदेखि नै खुल्ला गरिनेछ ।
(३) विस्तृत जानकारीको लागि कार्यालय समयभित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्नुहोला ।
(४) बाढी, पहिरो र वर्षाका कारण सम्पूर्ण शेयर धनीहरु उपस्थित हुन नसक्ने भएकाले स्थान र मिति परिवर्तन गरिएको छ ।

**सञ्चालक समितको आज्ञाले**
**कम्पनी सचिव**


## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : RAPTI RESTAURANT**
पुर्व स्वीकृति मिति २०८०/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२५ | LT. No. 301750 | चलानी नं. ६०२१२६६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 2 | 2 | 1500 | ५४,९५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 3 | General Clean Worker | 3 | 16 | 1000 | ३६,६३५ | | | | | | | |
| 4 | General Cook | 4 | 2 | 1500 | ५४,९५० | | | | | | | |
| 5 | Hotel Services | 2 | 0 | 1500 | ५४,९५० | | | | | | | |
| 6 | Juice Maker | 4 | 4 | 1500 | ५४,९५० | | | | | | | |
| 7 | Marketing Represent | 1 | 0 | 3000 | १०९,९०५ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1500 | ५४,९५० | | | | | | | |
| 9 | Supervisior | 4 | 1 | 2500 | ९१,५८५ | | | | | | | |
| 10 | Waiter | 13 | 5 | 1400 | ५१,२९० | | | | | | | |

**कम्पनी : FORCE ONE CONTRACTING & CLEANING W.L.L**
पूर्व स्वीकृति मिति: २०८०/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२५ | LT No :288691 | चलानी नं. ६०२०४००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 4000 | १४५,१६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Carpenter | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 3 | Cashier | 1 | 2 | 1500 | ५४,०४५ | | | | | | | |
| 4 | Foreman | 5 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 5 | General Clean Worker | 18 | 3 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 7 | Painter | 1 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2100 | ७५,६६० | | | | | | | |
| 10 | Supervisior | 5 | 0 | 2500 | ९०,०७० | | | | | | | |
| 11 | Waiter | 1 | 3 | 1500 | ५४,०४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : INTERNATIONAL WORK FINDER**
पुर्व स्वीकृति मिति २०७९/०९/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२५ | LT. No. 277864 | चलानी नं. ६०१९७९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 10 | 0 | 550 | ७२,९१५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Cook | 5 | 0 | 650 | ८६,१७० | | | | | | | |
| 3 | Cook Helper | 10 | 7 | 550 | ७२,९१५ | | | | | | | |
| 4 | Factory Worker | 17 | 0 | 550 | ७२,९१५ | | | | | | | |
| 5 | General Worker | 25 | 2 | 550 | ७२,९१५ | | | | | | | |
| 6 | Mason | 10 | 0 | 600 | ७९,५४० | | | | | | | |
| 7 | Shuttering Carpenters | 9 | 0 | 600 | ७९,५४० | | | | | | | |
| 8 | Still Fixer | 5 | 0 | 600 | ७९,५४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान:**
**ललितपुर, महालक्ष्मी न.पा. पिस टेक्निकल ट्रेनिङ सेन्टर प्रा.लि.मा मिति: २०८१ साउन ४ र ५ गते (19 & 20 July. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ५०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHALMANI OVERSEAS PVT. LTD.**
Govt. License 828/066/67
Koteshwar-32, Kathmandu, Nepal
(Tel) Head Office: 01-5147227/5147228/9847906630 | Pokhara Branch: 061591499/9802854022/9802854860
Itahari Branch: 9800910067/025-590307/9802714260 | Chitwan Branch:9812423422/056-513916/9809139672
Mail: info@shalmanioverseas.com, Web: www.shalmanioverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BARRAK NASSER AL DOSSRI EST. FOR GENERAL CONTRACTING**
पूर्व स्वीकृति मिति : २०८१/०३/२५ | LT. No. 307355 | चलानी नं. ६०२२२०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1800 | ६४,१२५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ बर्ष |
| 2 | Road maintenance worker | 9 | 0 | 1000 | ३५,६२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, 9851358431
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : NOMAD ENTERTAINMENT CO FOR RECREATIONAL & SCIENTIFICE PARKS MANAGEMENT W.L.L.**
पूर्व स्वीकृति मिति २०८०/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/२५ | LT No : 302355 | चलानी नं ६०२१७१८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arcade Helper | 5 | 10 | 110 | ४७,८२० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ बर्ष |
| 2 | Cleaner | 2 | 2 | 90 | ३९,१२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDANI MANAGEMENT SERVICES PVT. LTD.**
श्रम ईजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : WORKFORCE INTERNATIONAL NETWORK SRL**
पूर्व स्वीकृति मिति: २०८१/०३/१४ | LT. No. 283833 | चलानी नं. ६०२००१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 10 | 550 | ७३,४९० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Construction Worker | 15 | 0 | 650 | ८६,८५५ | | | | | | | |
| 3 | Cook | 5 | 0 | 550 | ७३,४९० | | | | | | | |
| 4 | Cook Helper | 15 | 0 | 550 | ७३,४९० | | | | | | | |
| 5 | General Worker | 40 | 10 | 550 | ७३,४९० | | | | | | | |
| 6 | Waiter | 10 | 0 | 550 | ७३,४९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.**
श्रम ईजाजत नं. ७०३/०८४/८५
Basundhara, Kathmandu, Nepal, Tel: 01-5910659, Whatsapp: +977- 9851320507
Mob: 9851315983, 9818002688, 9851044323, 9861605199, 9841076393, 9810264566, 9843748018.
Email: brightstarhrnp@gmail.com/Web: brightstarhr.com

## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : CHAI JMR**
पूर्व स्वीकृति मिति : २०८१/०३/२५ | LT. No.307311 | चलानी नं. ६०२२२०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1300 | ४७,६०५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ बर्ष |
| 2 | Cooker | 4 | 0 | 1500 | ५४,९३० | | | | | | | |
| 3 | General Clean Worker | 6 | 0 | 1000 | ३६,६२० | | | | | | | |
| 4 | Labour | 5 | 0 | 1000 | ३६,६२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
श्रम ईजाजत नं. १६६९/०८०/०८१
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province
Phone No. 9843148012, 9707934456

प्रभाव दैनिक

## रूपशाला

### 'एफएलएफ अवार्ड २०८१' हुने

फाल्गुनन्द लिङ्देन फिल्मस् प्रालिको आयोजनामा छैठौं संस्करणको 'एफएलएफ अवार्ड २०८१' हुने भएको छ । अवार्डका लागि फाराम खुलिसकेको आयोजकले जनाएको छ । अवार्ड संयोजक दिनेश लिङ्देनले अमेरिकाको न्यूयोर्कमा एक विशेष कार्यक्रमबीच अवार्डको मनोनयन सार्वजनिक गरिने बताए । 'हामीले फिल्म, म्यूजिक भिडियोको लागि फाराम खुलाइसकेका छौं । अमेरिकामा रहेका जुरी सदस्यहरूले फिल्म हेरिरहनु भएकाले नोमिनेसन चाँडै सार्वजनिक गर्नेछौं', उनले भने । अवार्डका लागि निर्देशक किशोर सुब्बाको संयोजकत्वमा पाँच सदस्यीय जुरी टिम बनाइएको छ ।



बुधबार, २६ असार २०८१ (Wednesday, July 10, 2024)

# डकुड्रामा 'हामी छौं'को गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** सलोन सलिना फिल्मस्को प्रस्तुतीमा निर्माण भएको डकुड्रामा 'हामी छौं (सिजन १) 'को गीत 'यो नजिकको कुरा' को भिडियो सार्वजनिक भएको छ । गीतमा प्रताप दास र रचना रिमालको स्वर, आनन्द अधिकारीको शब्द र शम्भुजित बासकोटाको संगीत छ ।

भिडियोमा डकुड्रामाका प्रमुख कलाकार सलिना बस्नेत र आर्यन पौडेल फिचर्ड छन् । यात्रा थिममा खिचिएको गीतको भिडियोमा सलिना र आर्यनलाई रोमान्टिक भावसँगै ग्रामीण जनजीवनलाई देखाइएको छ । भिडियोमा दृष्टिविहिनलाई सहयोग गरेको, खेतको रोपाईंलगायतका दृश्य समेटिएको छ ।

डकुड्रामाको प्रस्तुतकर्ता शोभित बस्नेत हुन् । आगामी दशैंमा ओटिटी प्लेटफर्मबाट रिलिज हुने डकुड्रामा ७ एपिसोडको हुनेछ । सलिना बस्नेत र आर्यन पौडेलको प्रमुख भूमिकामा अभिनय रहेको डकुड्रामामा उमा कार्की, सुमिन गुरुङ, सुसान्त कुमार श्रेष्ठ, युना खड्का, समीर खान, जय बिनोद काफ्ले, सुनिल भन्डारी, शिब राज नेपाल, स्वरूप जङ्ग रायमाझीलगायतको अभिनय छ ।

डकुड्रामाका प्रस्तुतकर्ता शोभित बस्नेतले देशका विभिन्न क्षेत्रमा रहेका असहाय, पीडितको सहयोगार्थ डकुड्रामा बनाइएको बताए । यो डकुड्रामामार्फत सात प्रदेशबाट ७ जना अशक्त, आर्थिक रूपमा कमजोर व्यक्तिलाई छनोट गरिएको थियो ।

डकुड्रामामा रामजी राउतको निर्देशन छ । यसमा रामजी लामिछानेको कोरियोग्राफी, सौरभ लामाको छायांकन, आनन्द अधिकारीको गीत, शम्भुजित बासकोटाको संगीत, सुशील देवकोटाको लेखन, बन्दे प्रसादको सम्पादन, मदन न्यौपानेको श्रृंगार, केवलमान सिंह बस्नेतको प्रोडक्सन छ ।

# 'माइली'मार्फत कमला चलचित्र क्षेत्रमा

**काठमाडौं (प्रस)–** रुना इन्टरटेन्ट्मेन्टको ब्यानरमा बन्ने फिल्म 'माइली' मा गायिका कमला घिमिरे अनुबन्धित भएकी छिन् । बाबू साहेब बलामीको कन्सेप्ट र निर्देशन रहने फिल्मबाट गायिका कमलाले फिल्मी अभिनयमा 'डेब्यू' गर्न लागेकी हुन् ।

कमलाले आफूलाई संगीतमा झैं फिल्ममा पनि दर्शकले माया दिने बताइन् । 'दर्शकले मलाई फिल्ममा पनि माया र साथ दिनुहुनेछ जसरी गीत संगीतको क्षेत्रमा दिनु भएको थियो । आज मैले फिल्म गर्ने अबसर पाएँ, म सम्झिन चाहान्छु मेरा ति सुरुवाती दिनहरू जतिखेर मलाई दर्शक श्रोताले धेरै माया गरेर आज यो ठाउँ सम्म पुऱ्याउनुभयो', उनले भनिन् । कमला एक समय युट्युब र सामाजिक सञ्जालमा भाइरल गायिका थिइन् ।

फिल्म युनिटले कमलाको पोस्टरलुक पनि सार्वजनिक गरेको छ । सार्वजनिक पोस्टरलुकमा कमलालाई मन्द मुस्कानमा देखाइएको छ । उनको पृष्ठभूमिमा एक महिलाले केही काम गरिरहेको देख्न सकिन्छ । निर्देशक बलामीले सत्य घटनामा आधारित हुने भनिएको फिल्ममा महिलाको पीडा देखाइने बताए । 'दलित महिलाको श्रीमान नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउछ ? उसका स-साना नाबालक छोरी हुर्काउन कति कठिन हुन्छ ? यहि समाज जातियताको आडमा कसरी प्रताडित गर्छ भन्ने कथा फिल्ममा देखाइनेछ', निर्देशक बलामीले भने ।

असारको अन्तिमबाट छायांकन गरिने फिल्म मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौं र दुबईमा खिचिनेछ । फिल्म शंकर अधिकारी 'घायल'को गीत र पटकथा, सम्बाद तथा राजेन्द्र बजगाइको संगीत रहनेछ ।

# मगर समुदायको कथामा दयाहाङ



**काठमाडौ (प्रस)–** अभिनेता दयाहाङ राई पछिल्लो समय विभिन्न समुदायसँग जोडिएका कथामा आधारित चलचित्रमा देखिँदै आएका छन् ।

पछिल्लो एक वर्षमा मात्रै उनले 'जारी' मा लिम्बू, 'दयारानी' मा गुरुङ, 'गाउँ आएको बाटो' मा राई समुदायको कथामा आधारित चलचित्रमा अभिनय गरे । आउँदो शुक्रबारअर्थात् यही २८ असारबाट प्रदर्शन हुने 'घर ज्वाइँ' मा उनले मगर समुदायको कथामा अभिनय गरेका छन् । उक्त चलचित्रको कथा आफूले मन पराएकी युवतीलाई पाउन विवाह पूर्व घर ज्वाइँ बस्ने परम्परामा आधारित छ ।

अभिनेता राई अभिनयकै शिलसिलामा भिन्न समुदायको संस्कृतिलाई नजिकबाट बुझ्न पाएको बताउँछन् । उनले भने, 'नेपाल संस्कृतिको धनी छ । तर, हामीले आफ्नै परम्परालाई भुल्दै छौं । मैले अभिनयकै कारण केही समुदायको संस्कृति बुझ्न र बाँच्न पाएँ । आफूलाई भाग्यमानी ठान्छु । हामी अहिले समुदायको कथा भन्ने समयमा आएका छौं ।' चलचित्रमा विषयवस्तुसँगै प्रस्तुति गरिने संस्कृति र परम्परा नयाँ पुस्ताका लागि डिजिटल साक्षरता हुने उनको विश्लेषण छ । आदिवासीको संस्कृति बाहिरबाट देखिँदा उस्तै लागे पनि निकै भिन्न रहेको उनले बताए ।

'हामीलाई सुन्दा उस्तै उस्तै लाग्नु स्वभाविक हो । तर, वास्तविकतामा केही भिन्नता हुन्छ । त्यही कारण चलचित्रले मनोरञ्जनसँगै उक्त समुदायको संस्कृतिलाई नजिकबाट बुझ्न मद्दत गर्छ', उनले भने । घर ज्वाइँ बस्ने परम्परालाई उनले छोरीप्रतिको उच्च सम्मानका रूपमा बुझेका छन् । अन्य समुदायमा छोरीको विवाह गर्दा सोधखोज गर्ने प्रचलन रहे पनि मगर समुदायमा घरमै राखेर ज्वाइँको परीक्षण गरिने परम्परा रहेको उनले बताए । उनले भने, 'भविष्यमा दुःख परेमा ज्वाइँले कसरी सङ्घर्ष गर्छन् र छोरीलाई पाल्छन् भन्ने परीक्षा लिएको जस्तो लाग्यो । ज्वाइँ त खास नै छन्, तर छोरीलाई सुख दिन सक्छन् कि सक्दैनन् र आत्मनिर्भर भएर कसरी जीविकोपार्जन गर्छन् भन्ने परम्परा मगर समुदायमा रहेको पाएँ । यो चलचित्रमा मगर समुदायको प्रतिनिधित्व गर्न पाएकोमा खुशी छु ।'

चलचित्रलाई अनिल बुढा मगरले निर्देशन गरेका छन् । आफूलाई मन परेको महिला पात्रलाई तानेर विवाह गर्ने प्रचलन आदिवासी समुदायका हरेक जातिमा रहे तापनि मगर समुदायको संस्कृति अन्यभन्दा फरक रहेको निर्देशक मगरले बताए ।

'यसमा समुदायको पृष्ठभूमिमा कथा र पात्रलाई तयार गरिएको छ । चलचित्रमा मगर समुदायको संस्कृतिसँग परिचित गराउँदै एउटा सामाजिक कथा भनिएको छ । पर्दामा देखिने कथासँग दर्शक जोडिनुहुन्छ भन्नेमा विश्वस्त छु', निर्देशक मगरले भने ।

जिएम मुभिज र एबीएम सिनेमा प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्रमा मिरुना मगर, बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, भोलाराज सापकोटा, खड्कबहादुर पुन (खबपु), राज थापा, कविता आले, शिला आलेलगायतका कलाकारको अभिनय देख्न सकिन्छ ।

## रंगशाला

महिला एसिया कप क्रिकेट

# पहिलो अभ्यास खेलमा नेपाल श्रीलंकासँग पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं–** एसीसी महिला एसिया कप क्रिकेट प्रतियोगिताको अन्तिम तयारीमा व्यस्त नेपाली टोली मंगलबार सम्पन्न पहिलो अभ्यास खेलमा श्रीलङ्का डेभलपमेन्ट स्क्वाड टोलीसँग 'डकवर्थ एन्ड लुइस' नियमका आधारमा ३३ रनले पराजित भएको छ ।

पहिले ब्याटिङ गरेको श्रीलङ्काली टोली निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय १८ रन बनाएको थियो । वर्षाका कारण नेपालले १५ ओभरमा ९६ रन बनाउनु पर्ने नयाँ लक्ष्य पाएको थियो । तर, नेपालले १५ ओभरमा नौ विकेट गुमाएर ६३ रनमात्र बनाउन सक्यो । नेपालका लागि ब्याटिङतर्फ रुविना क्षेत्रीले सर्वाधिक १७ रन बनाएकी थिइन् । सीता रानामगरले ११ रन जोडेकी थिइन् । त्यसअघि बलिङमा नेपालकी सबनम राईले तीन र राजमती ऐरीले एक विकेट हात पारेका थिए । एसीसी महिला एसिया कपमा सहभागी हुन नेपाली टोली हाल श्रीलङ्कामा छ ।

एसीसी महिला एसिया कप जुलाई १९ देखि २८ (साउन ४ देखि १३ गते)सम्म श्रीलङ्कामा आयोजना हुँदैछ । महिला एसिया कपको नवौं संस्करणमा आठ वटा टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ ।

नेपाली टोली प्रतियोगिताको समूह 'ए' मा परेको छ । दुई बलिया टेस्ट राष्ट्र भारत र पाकिस्तान पनि नेपालकै समूहमा छन् । उक्त समूहमा चौथो टोलीको रूपमा यूएई रहेको छ । प्रतियोगिताको समूह 'बी' मा भने श्रीलङ्का, बङ्गलादेश, मलेसिया र थाइल्यान्ड रहेका छन् ।

प्रारम्भिक चरणको खेलपछि दुवै समूहबाट दुई-दुई टोली प्रतियोगिताको सेमिफाइनलमा पुग्नेछन् । सेमिफाइनलमा विजयी हुने दुई टोलीबिच जुन २८ तारिखमा फाइनल खेल हुनेछ । समूहगत चरणमा नेपालले आफ्नो पहिलो खेल यूएईसँग खेल्नेछ ।


नेपाल र यूएईबिचको खेल जुलाई १९ तारिखमा डम्बुलामा खेलिने छ । नेपालले दोस्रो खेल जुलाई २१ तारिखमा पाकिस्तानसँग डम्बुलामै खेल्नेछ । नेपालले समूहगत चरणको आफ्नो अन्तिम खेल जुलाई २३ तारिखमा बलियो प्रतिद्वन्द्वी भारतसँग डम्बुलामै खेल्नेछ । महिला एसिया कप यात्रामा होमिने नेपाली टोलीमा ईन्दू बर्मा (कप्तान), रुविना क्षेत्री, सीता रानामगर, बिन्दू रावल, कविता कुँवर, पूजा महतो, कविता जोशी, सम्झना खड्का, काजोल श्रेष्ठ, सबनम राई, राजमती ऐरी, ममता चौधरी, कृतिका मरासिनी, रोमा थापा र डली भट्ट रहेका छन् ।

# गौतम गम्भीर बने भारतीय क्रिकेट टिमको मुख्य प्रशिक्षक

■ प्रभाव संवाददाता

काठमाडौं- पूर्व क्रिकेटर गौतम गम्भीर भारतीय राष्ट्रिय टिमको मुख्य प्रशिक्षक बनेका छन् । भारतीय क्रिकेट कन्ट्रोल बोर्डका सचिव जय शाहले गम्भीर भारतीय क्रिकेट टिमको मुख्य प्रशिक्षकमा नियुक्त गरेको जानकारी दिएका छन् ।

भारतले २०११ को विश्वकप जित्दा टिमका महत्वपूर्ण खेलाडी रहेका गम्भीर हाल आइपिल टिम कोलकोता नाइट राइडर्सका मुख्य प्रशिक्षक रहेका थिए । उनको नेतृत्वमा कोलकोताले यस सिजनको आइपिएल जितेको थियो । उनले अब भारतीय टिमका प्रशिक्षक राहुल द्रविडको स्थान लिने छन् । हालै सम्पन्न टी-२० विश्वकपपछि द्रविडको प्रशिक्षकको कार्यकाल सकिएको थियो ।



भारतीय क्रिकेटका ओपनर रहेका गौतमले भारतका लागि ५८ टेस्ट, १४७ एकदिवसीय र ३७ टी-२० अन्तर्राष्ट्रिय खेल खेलेका छन् । यस क्रममा उनले टेस्ट क्रिकेटमा ९ शतक र २२ अर्धशतकसहित ४१५४ रन, एकदिवसीय क्रिकेटमा ११ शतक र ३४ अर्धशतकसहित ५२३८ रन र टी-२० मा ७ अर्धशतकसहित ९३२ रन बनाएका छन् ।

# प्रदेशस्तरीय महिला फुटबलको उपाधि झापालाई

**खोटाङ (प्रस)–** कोशी प्रदेशस्तरीय महिला फुटबल प्रतियोगिताको उपाधि झापाले जितेको छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१४ बुइपास्थित यलम्बर रङ्गशालामा सम्पन्न फाइनल खेलमा झापाले भोजपुरलाई १-० गोलले पराजित गर्दै उपाधिको रक्षा गरेको हो ।



झापाका लागि जेनिफर रानामगरले पहिलो हाफको १५औँ मिनेटमा निर्णायक गोल गरिन् । उपाधिसँगै झापाले नगद रु दुई लाख पुरस्कार प्राप्त गरेको छ । उपविजेता भोजपुरले रु एक लाख पुरस्कार प्राप्त गर्यो । प्रतियोगिताभर नौ गोल गरेकी झापाकी जेनिफरले उत्कृष्ट खेलाडी भइन् । उनले सेमिफाइनल खेलमा ताप्लेजुङविरुद्ध ६ गोल गरिन् । उनले रु पाँच हजार प्राप्त गरिन् ।

यस्तै प्रतियोगितामा उत्कृष्ट गोलरक्षक झापाकी जसोदा राई, उत्कृष्ट डिफेन्डर भोजपुरकी कमला श्रेष्ठ, उत्कृष्ट मिडफिल्डर झापाकी सिम्रन राई, उत्कृष्ट फरवार्ड भोजपुरकी आरती भुजेल र उदीयमान खेलाडी खोटाङकी रिया राई घोषित भए । उनीहरूले जनही रु तीन हजार पुरस्कार प्राप्त गरे ।

विजेता खेलाडीलाई कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्यसचिव कृष्ण बस्नेत, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराईलगायतले पुरस्कार प्रदान गरे । कोशी प्रदेश सामाजिक विकास मन्त्रालय र प्रदेश खेलकुद विकास बोर्डको रु २० लाख सहयोगमा प्रतियोगिता आयोजना गरिएको जिल्ला खेलकुद विकास समितिका प्रमुख लिलाभक्त केसीले जानकारी दिए । चन्दा सङ्कलन तथा दाताको सहयोगमा निर्माण गरिएको खेलमैदानमा पहिलो पटक प्रदेशस्तरीय महिला फुटबल प्रतियोगिता सञ्चालन गरिएको हो ।



मध्य चीनको हुबेई प्रान्तको उहानमा रहेको चाइना वास्तुकला विज्ञान र प्रविधि संग्रहालय अवलोकन गर्दै युवाहरू । तस्बिरः *रासस/एएफपी*

# साना उद्यमलाई बलियो समर्थनका लागि महासचिव गुटेरेसको आह्वान



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सोमबार रोजगारी सिर्जना गरी गरिबी उन्मूलन गर्न सूक्ष्म, लघु तथा मध्यम उद्यम (एमएसएमई) लाई बलियो सहयोग गर्न आह्वान गरेका छन् । सूक्ष्म, लघु र मध्यम आकारको उद्यम दिवसको सन्देशमा गुटेरेसले रोजगार सिर्जना गर्न, आर्थिक विकासलाई अगाडि बढाउन र महिला, युवा र सीमान्तकृत समुदायहरूको सशक्तीकरणमा उनीहरूको महत्त्वपूर्ण योगदानलाई जोड दिँदै एमएसएमईहरू विश्वभरका अर्थतन्त्रहरूको केन्द्रबिन्दु भएको बताए ।

यस वर्षको विषयवस्तु गरिबी उन्मूलन र दिगो विकास लक्ष्यहरू प्राप्त गर्न यी उद्यमहरूको भूमिकामा केन्द्रित भएको जनाउदै उनले संकटको समयमा एमएसएमईले उल्लेखनीय लचिलोपन प्रदर्शन गरेको बताएका छन् । एमएसएमईले वित्त, प्रविधि, बजार र आपूर्ति शृंखलामा सीमित पहुँचको सामना गर्नुपरेको उल्लेख गर्दै गुटेरेसले यी उद्यमहरूलाई नीति, समर्थन संरचना र लगानी चाहिने प्रकाश पारे । जसले उनीहरूको विकास र औपचारिकतालाई बढावा दिई फलस्वरूप, समुदायहरूलाई समृद्ध बनाउन, कमजोरको उत्थान गर्न मद्दत गर्दछ ।

सूक्ष्म, लघु र मध्यम आकारको उद्यम दिवस मनाउँदा संस्थाको समर्थन बलियो बनाउने, दिगो विकास लक्ष्यतर्फको प्रगतिलाई गति दिने र कसैलाई पनि पछाडि नछोड्ने प्रतिबद्धता उनले दोहोऱ्याए । संयुक्त राष्ट्रसंघका अनुसार विश्वभर ९० प्रतिशत व्यवसाय ६०-७० प्रतिशत रोजगारी र कूल गार्हस्थ उत्पादनको ५० प्रतिशत हिस्सा एमएसएमईले ओगटेको छ ।

अप्रिल २०१७ मा, राष्ट्रसंघीय महासभाले संयुक्त राष्ट्रसंघका दिगो विकास लक्ष्यको उपलब्धिमा एमएसएमईको योगदानको बारेमा चेतना जगाउन जुन २७ लाई सूक्ष्म, साना र मध्यम आकारको उद्यम दिवसको रूपमा तोकिएको थियो । *रासस/सिन्ह्वा*

# रूसी सेनामा कार्यरत भारतीय नागरिकको फिर्ती सुनिश्चित गर्न भारत र रूसबीच छलफल



**मास्को (रूस)–** भारतका लागि महत्त्वपूर्ण कूटनीतिक जितमा, स्रोतहरूले एएनआईलाई रुसले रूसी सेनाका लागि काम गरिरहेका भारतीयको फिर्तालाई सहज बनाउने भएको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको कुराकानीमा प्रधानमन्त्री नरेन्द्र मोदीले यो मुद्दा उठाएका हुन् ।

प्रधानमन्त्री मोदीले सोमबार मस्कोस्थित राष्ट्रपतिनिवासमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट वार्तामा सो सहमति भएको हो । सामाजिक सञ्जाल एक्सको पोस्टमा मोदीले मंगलबार साँझ नोभो-ओगेरियोभोमा स्वागत गरेकामा राष्ट्रपति पुटिनप्रति कृतज्ञता व्यक्त गर्दै अर्को दिन पनि वार्ताको प्रतीक्षामा रहेकोले भारत र रुसबीचको मित्रतालाई अझ बलियो बनाउन सहयोग गर्ने बताएका थिए ।

रुसी सेनाका लागि काम गर्ने भारतीय नागरिकको मुद्दा विपक्षीहरूले उठाएका थिए र कांग्रेसले यस विषयमा सरकारको स्थिति माथि प्रश्न उठाइरहेको थियो । कांग्रेस राज्यसभा सांसद जयराम रमेशले प्रधानमन्त्रीलाई प्रश्नको शृंखलामा मुद्दा उठाउँदै मस्कोस्थित भारतीय दूतावासको तथ्यांकअनुसार कम्तीमा ५० जना भारतीय नागरिक रुसी सेनामा सामेल भएको जनाएका थिए । तीमध्ये कम्तीमा दुई जना व्यक्ति युद्धमा मारिएको पुष्टि भइसकेको छ ।

यसैबीच दुई नेताले युक्रेनको अवस्थाबारे पनि छलफल गर्दै थप विस्तृत छलफल हुने स्रोतले जनाएको छ । सरकारी स्रोतका अनुसार युक्रेन द्वन्द्वको समाधान युद्धभूमिमा पाउन नसकिने भारतको धारणा छ । यो विश्वव्यापी दृष्टिकोण हो र स्वाभाविकरूपमा संवाद र कूटनीतिमार्फत द्वन्द्वको समाधानका लागि दुवै पक्षको सहमति हुनु आवश्यक छ ।

प्रधानमन्त्री मोदीले मंगलबार अज्ञात सैनिकको चिहानमा पुष्पचक्र अर्पण गर्ने तथा रोसाटम मण्डपको पनि भ्रमण गर्ने कार्यक्रम तय भएको छ । यसअघि सोमबार प्रधानमन्त्री मोदी २२औं भारत-रुस वार्षिक शिखर सम्मेलनमा भाग लिन रुसी राष्ट्रपति पुटिनको निमन्त्रणामा दुई दिने भ्रमणका लागि मस्को पुगेका थिए । रुसका प्रथम उपप्रधानमन्त्री डेनिस मन्टुरोभले प्रधानमन्त्री मोदीलाई भ्नुकोवो-२ विमानस्थलमा स्वागत गर्नुका साथै विमानस्थलमा प्रधानमन्त्री मोदीलाई औपचारिक स्वागत गरिएको थियो । *रासस/एएनआई*

## जाम्बियामा कोभिड–१९ का संक्रिम बढे

**लुसाका–** जाम्बियामा कोरोना संक्रमितको संख्या बढेको त्यहाँका स्वास्थ्य अधिकारीहरूले बताएका छन् । सोमबार जाम्बियाका स्वास्थ्यमन्त्री सिल्भिया मासेबोले पत्रकार सम्मेलनमा गत मे र जुनको बीचमा करिब तीन हजार ७० नमूना परीक्षणमा २.४ प्रतिशतमा कोरोना संक्रमण पुष्टि भएको जानकारी दिए । अघिल्लो महिना १.५ प्रतिशतमा कोरोना संक्रमण पुष्टि भएको थियो ।

मासेबोले भने, 'देशका १० मध्ये छ प्रान्तमा कोरोना संक्रमित भेटिएका छन् । जसमध्ये लुसामा सबैभन्दा धेरै संक्रमित भेटिएका छन् ।' उनका अनुसार यस वर्ष जनवरीदेखि जुनसम्म मुलुकभर चार हजार ७७० कोरोना संक्रमित भेटिएका छन् । जाम्बियाले पनि चिसो र सुक्खा अवस्थाका कारण श्वासप्रश्वास र इन्फ्लुएन्जाजस्ता रोगमा वृद्धि भएको उल्लेख गरेको छ । मन्त्रालयले भाइरस र अन्य रोगहरू पत्ता लगाउन सक्रिय रहेको जनाएको छ । *रासस/सिन्ह्वा*

## ३८ युक्रेनी ड्रोन नष्ट गरेको रूसको दाबी

**मस्को–** रुसी सेनाले सोमबार राति सीमा नजिक ३८ युक्रेनी ड्रोन नष्ट गरेको रुसको रक्षा मन्त्रालयले दाबी गरेको छ । मंगलबार आस्ट्राखानका गभर्नर इगोर बाबुस्किनले भने, 'युक्रेनले यस क्षेत्रलाई लक्षित गरी उत्तरमा ड्रोनमार्फत आक्रमणको ठूलो प्रयास सुरु गरेको थियो ।'

सन् २०२२ फेब्रुअरीमा सुरु भएको रुस-युक्रेन युद्धमा दुवै पक्षले व्यापक मात्रामा ड्रोन प्रयोग गरिरहेका छन् । युद्धमा दुवैतर्फबाट सयौं किलोमिटरको दूरीमा आक्रमण गर्न सक्ने क्षमताका 'स्व-विष्फोटक' ड्रोन पनि समावेश गरिएको जनाइएको छ ।

युक्रेनले यस वर्ष रुसमाथिको आक्रमण तीव्र पारेको छ । रुसी सेनाले प्रयोग गरिरहेका 'इनर्जी साइट,' सिमानाका सहर र गाउँ लक्षित आक्रमण गरेको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत मेमा युक्रेनको उत्तरपूर्वी खार्किभ क्षेत्रमा आक्रमण सुरु गरेको बताएका छन् । *रासस/एएफपी*

# नासाको क्युरी मिसनले सौर्य रेडियो तरंग अन्वेषण गर्ने

**न्युयोर्क–** सूर्यबाट आउने रेडियो वेब उत्पन्न हुने स्रोतको खोजीका लागि नासाको क्युबसैट रेडियो इन्टरफेरोमेट्री एक्सपेरिन्ट (क्युरी) मंगलबार प्रक्षेपण गरिएको छ । क्युरीले युरोपेली अन्तरिक्ष एजेन्सी (इएसए)को एरियन-६ रकेट कोउरोस्थित गुयाना स्पेस सेन्टरबाट प्रक्षेपण गरेको हो । उक्त रकेट पृथ्वीको सतहबाट ३६० माइल (लगभग ५८० किलोमिटर) को उचाइमा उडान गर्ने छ । रेडियो इन्टरफेरोमेट्री एक्सपेरिमेन्ट मिसनले सूर्यको विष्फोटनबाट निस्कने रेडियो तरंगको उत्सर्जनबारे अध्ययन गर्ने लक्ष्य राखेको छ ।

क्यालिफोर्निया विश्वविद्यालय बर्कलेको टोलीद्वारा डिजाइन गरिएको क्युरी अन्तरिक्षबाट ०.१-१९ मेगाहर्ज फ्रिक्वेन्सी दायरामा रेडियो तरंग मापन गर्ने आफ्नो पहिलो मिसन भएको इएसएले जनाएको छ । यी यस प्रकारको अनुसन्धान अन्तरिक्षबाट मात्र गर्न सकिन्छ ।

'सौर्य रेडियो तरंग अनुसन्धानका क्रममा, क्युरीले लो फ्रिक्वेन्सी रेडियो इन्टरफेरोमेट्री नामक प्रविधि प्रयोग गर्ने छ । यसअघि अन्तरिक्षमा यो प्रविधि कहिल्यै प्रयोग गरिएको थिएन । यसले पृथ्वीलाई करिब दुई माइल टाढा परिक्रमा गर्नेछ,' नासाले उल्लेख गरेको छ । यस प्रयोगले रेडियोका ती तरंगहरू कहाँबाट आइरहेका छन् भन्ने पत्ता लगाउने प्रयास गर्ने छ । *रासस/सिन्ह्वा*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN HAT TECHNICAL SERVICES LLC- BRANCH OF ABU DHABI

पूर्व स्वीकृति मिति २०८०/०८/०९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२५ LT. No. 295589 चलानी नं. ६०२१०६२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४३,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३६,३७० | | | | | | | |
| 3 | Mason | 2 | 0 | 1200 | ४३,६४५ | | | | | | | |
| 4 | Scaffolder | 2 | 0 | 1200 | ४३,६४५ | | | | | | | |
| 5 | Steel Fixer | 2 | 0 | 1200 | ४३,६४५ | | | | | | | |

कम्पनी : REGENT PALACE HOTEL LLC

पूर्व स्वीकृति मिति २०८१/०२/११ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२५ LT. No. 305329 चलानी नं. ६०२२००२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 30 | 0 | 1500 | ५४,५५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Cook | 20 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 3 | waiter | 50 | 0 | 1200 | ४३,६४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः गल्फ ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा मितिः २०८१ असार ३१ गते (15th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SKY MAID CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/१०/२९ पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२५ LT. No.280674 चलानी नं. ६०१९६४२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 30 | 1000 | ३५,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन २ गते (17th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com


# भारी वर्षाका कारण मुम्बईमा विद्यालय बन्द



**नयाँदिल्ली–** भारी वर्षाको प्रभावका कारण मंगलबार भारतको आर्थिक राजधानी मुम्बई र वरपरका विद्यालय र अन्य शैक्षिक संस्थाहरू बन्द गरिएको छ भने विश्वविद्यालयका परीक्षाहरू स्थगित गरिएको छ ।

भारी वर्षापछि रेल तथा उडान सेवाहरू पनि प्रभावित भएका छन् । सोमबार विभिन्न स्थानमा ३०० मिलि मिटरभन्दा बढी वर्षा दर्ता भएपछि विभिन्न क्षेत्रमा गम्भीर जलप्रभाव देखिएको छ ।

वर्षाको अनुचित प्रभावले मुम्बई विश्वविद्यालयमा मंगलबारका लागि निर्धारित सबै परीक्षाहरू स्थगित गरिएको तथा नयाँ मिति चाँडै घोषणा गरिने विश्वविद्यालयले एक विज्ञप्तिमा उल्लेख गरिएको छ ।

जनताको सुरक्षा सुनिश्चित गर्न, राष्ट्रिय विपद् प्रतिक्रिया बलका टोलीहरू ठाणे, वसई, महाड, चिप्लुन, कोल्हापुर, सांगली, सतारा घाटकोपर, कुर्ला र सिन्धुदुर्गलगायत मुम्बई र वरपरका क्षेत्रमा तैनाथ गरिएको छ । यसैगरी तल्लो क्षेत्रमा फसेका मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

मौसम पूर्वानुमानमा, भारतीय मौसम विभागले मुम्बई र महाराष्ट्र राज्यका अन्य भागहरूमा आगामी दुई दिनसम्म भारी वर्षा जारी रहने बताएको छ । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४४१०० | प्रति तोला - १४३४०० | प्रति तोला - १८८५ |



**कृषि यन्त्र हस्तान्तरण** भरतपुरमा कृषिको आधुनिकिकरण र यान्त्रिकीकरणको लागि ५० प्रतिशत अनुदानमा कृषक एवं कृषि समूहलाई ट्याक्टर, मिनिटिलर, रिपर, राइसमिल तोरीमिल, थ्रेसरलगायतका कृषियन्त्रहरू र बलेरो, अटोलगायतका ढुवानीमा साधनहरू हस्तान्तरण गर्दै महानगरप्रमुख रेणु दाहाल ।

*तस्बिर : सनद अधिकारी/रासस*

# विद्युत् खरिद-बिक्री सम्झौता गर्न बंगलादेशको पत्र

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बंगलादेश पावर डेभलप्मेन्ट बोर्ड (बिपिडिबी)ले नेपालमा उत्पादित ४० मेगावाट विद्युत् खरिद-बिक्रीका लागि सम्झौता गर्न नेपाल विद्युत् प्राधिकरणलाई पत्राचार गरेको छ ।

बिपिडिबीले वर्षायामको छ महिना ४० मेगावाट विद्युत् बिक्रीका लागि प्राधिकरणले पेस गरेको बोलपत्र सम्बन्धित निकायबाट स्वीकृत भएको जानकारी गराउँदै विद्युत् बिक्री सम्झौताका लागि पत्राचार गरेको प्राधिकरणले जनाएको छ ।

कानुनमा भएको व्यवस्था बमोजिम बिपिडिबी २०८० पुस १६ मा नेपालबाट उत्पादित ४० मेगावाट विद्युत् बिक्रीका लागि बंगलादेश, भारत र नेपालका निकायबीचको त्रिपक्षीय सम्झौता भएको थियो । सोहीअनुसार हुने गरी पाँच वर्षसम्म खरिदका लागि बोलपत्र (टेण्डर) आह्वान गरेको थियो ।

प्राधिकरणले विद्युत् बिक्रीका लागि तोकिएको ढाँचामा बिक्री गरिने विद्युत्को दरसहितको बोलपत्रसम्बन्धी कागजात पेस गरेको थियो । पेस गरिएका बोलपत्रसम्बन्धी कागजात मूल्यांकन गरी त्यसलाई सम्बन्धित निकायबाट स्वीकृत भएको जानकारी दिँदै बिपिडिबीले बोलपत्र स्वीकार गर्ने सूचना प्राधिकरणलाई दिएको हो ।

प्राधिकरणले सात कार्य दिनभित्र बोलपत्र स्वीकार गरेको लिखित सूचना बिपिडिबीलाई दिनुपर्नेछ । त्यसपछि बिपिडिबीले विद्युत् बिक्री सम्झौताको मस्यौदा प्राधिकरणलाई उपलब्ध गराउने छ । मस्यौदा प्राप्त भएको २८ दिनभित्र सम्झौता गर्नुपर्नेछ । प्राधिकरण, एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन), भारत र बिपिडिबीबीच त्रिपक्षीय सम्झौता हुनेछ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बाँकी सम्पूर्ण प्रक्रिया पूरा गरी यही वर्षायामदेखि बंगलादेश विद्युत् निर्यात गर्ने गरी काम सुरु भइसकिएको जानकारी दिए ।

'त्रिपक्षीय विद्युत् बिक्री सम्झौताको मस्यौदामा तीनै निकाय सहमत भइसकेकाकाले छिट्टै सम्झौता हुनेछ, त्यसपछि बंगलादेश विद्युत् निर्यात स्वीकृतिका लागि आयोजनाहरूको सूची भारतको केन्द्रीय विद्युत् प्राधिकरणमा पठाउँछौं, नयाँ आयोजना पठाउँदा स्वीकृतिका लागि समय लाग्ने हुँदा यसअघि नै भारतमा विद्युत् निर्यात स्वीकृति पाइसकेका आयोजनाबाट उत्पादित विद्युत् बंगलादेश निर्यात गर्ने गरी प्रस्ताव स्वीकृतिका लागि पठाउनेछौं', उनले भने । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले बंगलादेशसँग विद्युत् बिक्रीका लागि आवश्यक प्रक्रियालाई टुंगोमा पुऱ्याउन प्राधिकरणको नेतृत्वलाई यसअघि नै निर्देशन दिएका छन् । मन्त्री बस्नेत प्राधिकरण सञ्चालक समितिका अध्यक्ष समेत हुन् ।

प्राधिकरणले भारतीय अनुदानमा निर्माण भएका तथा आफ्नो स्वामित्वमा रहेको २५ मेगावाटको त्रिशूली र सहायक कम्पनीमार्फत निर्माण गरिएको २२ मेगावाटको चिलिमे जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् बंगलादेश निर्यात गर्ने तयारी गरेको छ ।

प्राधिकरणले वर्षायामको छ महिना अर्थात हरेक वर्षको जुन १५ देखि नोभेम्बर १५ सम्म पाँचवर्षसम्म ४० मेगावाट विद्युत् अमेरिकी डलरमा बंगलादेशलाई बिक्री गर्नेछ । प्राधिकरणले बंगलादेश विद्युत् बिक्री गरी प्रतियुनिट छ दशमलव ४० सेन्ट पाउने छ ।

नेपाल र भारतबीचको पहिलो अन्तर देशीयढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारणलाइन हुँदै बंगलादेश निर्यात हुने विद्युत्को मूल्य प्राधिकरणले भारतको मुजफ्फरपुर विन्दुमा पाउने छ । अर्थात बंगलादेश निर्यात हुने विद्युत्को मिटर मुजफ्फरपुरमा रहने छ ।

ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारणलाइनको प्राविधिक चुहावट प्राधिकरणले नै बेहोर्नेछ । मुजफ्फरपुरबाट भारतको प्रसारणलाइनमार्फत बहरामपुर (भारत)-भेरमारा (बंगलादेश) ४०० केभी प्रसारण लाइनहुँदै बंगलादेश विद्युत् पुग्नेछ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले मुजफ्फरपुर विन्दु पछिको प्रसारणलाइन शुल्क, चुहावट, एनभिभिएनले लिने ट्रेडिङ मार्जिनलगायतका सम्पूर्ण कर तथा शुल्कहरू बंगलादेशले नै बेहोर्ने बताए । घिसिङले बंगलादेशको सीमासम्म पुग्दा विद्युत्को प्रतियुनिट दर करिब सात दशमलव छ सेन्ट पुग्ने उल्लेख गरे ।

'हामीले मुजफ्फरपुरविन्दुमा छ दशमलव ४० सेन्ट पाउने हो, डलरमा भुक्तानी पाउने हुँदा मुद्रा सटहीको जोखिम हुँदैन, वर्षायामको विद्युत् बिक्रीका लागि हामीले पाएको दर उचित हो', उनले भने ।

बंगलादेशले माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको समेत पाँच सय मेगावाट बिद्युत् लैजाने बताउँदै आएको छ ।

# 'मौद्रिक नीति बैंक र व्यवसायी बचाउने सञ्जीवनी बुटी बन्नुपर्छ'

■ **प्रभाव संवाददाता**

काठमाडौं- नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मौद्रिक नीति बैंक र व्यवसायी दुवै बचाउने सञ्जीवनी बुटी बन्नुपर्ने बताएका छन् । मंगलवार नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीसँग महासंघले आयोजना गरेको मौद्रिक नीतिबारेको छलफलमा अध्यक्ष ढकालले यस्तो सुझाव दिएका हुन् ।

उनले आगामी आर्थिक वर्षको मौद्रिक नीति व्यवसायी तथा वित्तीय क्षेत्रलाई बचाउने गरी आउनुपर्ने बताए । उनले उत्पादनमूलुक उद्योगको क्षमता बढाउँदै बैंकको ब्याजदर विगतकोभन्दा कम गर्ने विषय नीतिले बोल्नुपर्ने बताए ।

उनले मागमा आएको संकुचनका कारण उद्योगीहरूले ऋण तिर्न नसकेको भन्दै मौद्रिक नीतिले त्यसलाई सम्बोधन गर्नुपर्ने बताए । उनले राष्ट्र बैंकले लगानीलाई प्रोत्साहन, पर्यटन पूर्वाधार र व्यवसायलाई प्रवर्द्धन गर्ने विषयमा मौद्रिक नीतिले सोच्नुपर्ने उल्लेख गरे ।

उनले निजी क्षेत्रमा प्रवाह हुने कर्जालाई सहज र सुलभ गरिनुपर्ने बताए । उनले निक्षेपको तुलनामा कर्जा प्रवाह आधा मात्रै बढेको उल्लेख गरे ।

उनले नगद प्रवाहमा भएको समस्या, न्युन उत्पादन र निजी क्षेत्रको गिर्दो मनोबलका कारण नयाँ लगानीका योजनासमेत स्थगन भइरहेकाले मनोबल उच्च बनाउने मौद्रिक नीति अहिलेको आवश्यकता भएको बताए । उनले गाउँ र साना लगानीका क्षेत्रमा लगानी वृद्धि गर्न बैंकलाई प्रोत्साहन गर्नुपर्ने बताए ।

# नेप्सेमा दोहोरो अंकको वृद्धि

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १५ दशमलव ७९ अंकले बढेको छ । मंगलबारको कारोबारमा परिसूचक शून्य दशमलव ७३ प्रतिशतले बढेर दुई हजार एक सय ५२ दशमलव १४ अंकमा पुगेको नेप्सेले जनाएको छ । विभिन्न तीन सय १६ कम्पनीका ११ लाख ६६ हजार एक हजार दुई सय आठ कित्ता शेयर रु पाँच अर्ब ५३ करोड ५९ लाख ५८ हजार आठ सय ८५ मा कारोबार भएको छ ।

गणपति लघुवित्त वित्तीय संस्था र आत्मनिर्भर लघुवित्त वित्तीय संस्थाको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनीको शेयर मूल्य नौ दशमलव ९१, युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको नौ दशमलव ७९ र सबैको लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य नौ दशमलव १५ प्रतिशतले बढेको छ ।

त्यसैगरी सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम-२को शेयर मूल्य पाँच दशमलव ४७, नेपाल फाइनान्सको चार प्रतिशत, बोटलर्स नेपाल (बालाजु)को शेयर मूल्य तीन दशमलव ९० प्रतिशतले घटेको छ ।

# चितवनमा रोपार पाउनै मुस्किल

■ **प्रभाव संवाददाता**

**चितवन–** असार महिना सकिनै लाग्दा यहाँका किसान रोपार खोज्नमा व्यस्त छन् । यहाँ व्यावसायिक रूपमा कृषिकर्म गर्दै आएका किसान अहिले रोपार खोजी गर्दै हिँड्नुपर्ने अवस्था छ ।

भरतपुर महानगरपालिका-१५ का चन्द्रप्रसाद अधिकारी अहिले रोपारको खोजीमा छन् । उनले स्थानीय रोपार नपाएपछि अन्यत्रबाट रोपार ल्याउने तयारीमा छन् ।



उनले भने, 'स्थानीय रोपार पाउनै कठिन भएको छ । यहाँ ज्येष्ठ नागरिकमात्रै हुनुहुन्छ ।' युवा पुस्ता विदेश पलायन हुनु र यहाँ भएका श्रमिक पनि खासै काममा जाँगर नदेखाउनुले गर्दा समस्या भएको उनले बताए । उनले भने, 'युवाहरूमा समेत काम गर्ने जाँगर नहुँदा स्थानीय मजदुर पाउन कठिन भएकाले अन्यत्रबाट मजदुर प्रयोग गर्न थालेका छौं ।' पछिल्ला दिनमा अन्यत्र जिल्लाबाट मजदुर चितवनमा नै कोठा भाडामा लिएर काम गर्न थालेको उनले बताए । सुक्खा ठाउँमा पानीको सन्तुलन मिलाउन नसक्दा प्रविधिको प्रयोग गर्न कठिन हुने गरेको किसानको गुनासो छ ।

यस्तै समस्यामा छन् भरतपुर -२४ का रतिमाया गुरुङ । उनी अहिले पाँच बिघा क्षेत्रफलमा धान रोप्ने तयारीमा छिन् । तर उनलाई रोपार पाइने हो या होइन भन्ने डरले निकै सताएको छ । अहिले जिल्लाका अधिकांश किसानले अन्यत्र जिल्लाका रोपारलाई प्रयोग गरेका छन् ।

भरतपुरकै शिव शर्मा अहिले रोपारकै खोजीमा छन् । उनले भने, 'स्थानीय रूपमा काम गर्न सक्ने युवायुवती विदेश पलायन भइसके । अब कसरी खेती गर्ने ।' उनले अहिले स्थानीय रूपमा वृद्धवृद्धाबाहेक समाजमा कोही नहुँदा कृषिकर्मसमेत समस्यामा पर्ने हो कि भन्ने चिन्ता लागेको बताए ।

कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले पछिल्ला वर्ष स्थानीय कामदार पाउनै कठिन हुने गरेको जानकारी दिए । उनले भने, 'स्थानीय रूपमा कामदार पाए पनि महँगो पर्ने गरेको किसानले गुनासो गर्ने गरेका छन् ।' स्थानीय रूपमा पाइने कामदारले जाँगर चलाएर काम नगर्ने र पूरा समय काम लिन नसकिने गरेको गुनासो आउने गरेको उनले बताए । जिल्लाका अधिकांश क्षेत्रमा तराईमूलका कामदारले धान रोप्ने गरेको जनाउँदै उनले युवाशक्ति पलायन हुँदा स्थानीय कामदार पाउन कठिन भएको बताए । पछिल्ला दिनहरूमा मजदुरको समस्या बन्दै जाँदा मेसिनबाट धान रोप्ने क्रम बढ्दै गएको छ । मेसिनबाट रोप्न बीउ राख्ने समयमा नै सोहीअनुसार राख्नुपर्ने हुन्छ ।

जिल्लामा हालसम्म ५५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । यहाँ २२ हजार आठ सय ७० हेक्टर क्षेत्रफलमा वर्षे धानखेती गरिँदै आइएको छ । उनका अनुसार पूर्वी क्षेत्रमा असार पहिलो साताबाट धान रोपाइँ सुरु भएको हो । पश्चिम क्षेत्रमा भने केही ढिला रोपाइँ सुरु भएको छ । नारायणी लिफ्टबाट पानी छोडेसँगै सुक्खा क्षेत्रमा समेत रोपाइँ सुरु भएको उनले जानकारी दिए । जिल्लामा साबित्री, गरिमा, सावामन्सुली, रामधान र उन्नत जातका धान लगाउने गरिएको छ ।

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ